आ.व. ०७६/७७ तथा आ.व. ०७७/७८
(फागुन मसान्त सम्मको)

# मन्त्रालय तथा निकायगत प्रगति विवरण

प्रदेश सरकार

## सुदूरपश्चिम प्रदेश

## आर्थिक मामिला मन्त्रालय

धनगढी, कैलाली

२०७८

# विषय-सूची


कार्यकारी सारांश ........ १
परिच्छेद-१ ........ ३
समष्टिगत आर्थिक तथा वित्तीय अवस्था ........ ३
१.१ मुलुकको समष्टिगत आर्थिक र वित्तीय अवस्था ........ ३
१.२ प्रदेशको समष्टिगत आर्थिक र वित्तीय अवस्था ........ ६
परिच्छेद-२ ........ ८
वार्षिक बजेट, आय र खर्चको विश्लेषण ........ ८
२.१ आर्थिक वर्ष २०७६/७७ को बजेट विनियोजन, आय र खर्चको अवस्था ........ ८
२.२ चालु आर्थिक वर्ष २०७७/७८ को फाल्गुनसम्मको यथार्थ आय र खर्चको विवरण ........ १०
परिच्छेद-३ ........ १३
आर्थिक वर्ष २०७६/७७ को कार्यक्रम, उपलब्धि, समस्या र सामाधानका उपाय ........ १३
३.१ मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय ........ १३
३.२ आन्तरिक मामिला तथा कानून मन्त्रालय ........ १४
३.३ आर्थिक मामिला मन्त्रालय ........ १८
३.४ भौतिक पूर्वाधार विकास मन्त्रालय ........ २१
३.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ........ २६
३.६ सामाजिक विकास मन्त्रालय ........ ३१
३.७ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ........ ४४
३.८ प्रदेश सभा सचिवालय ........ ४९
३.९ मुख्य न्यायाधिवक्ताको कार्यालय ........ ५१
परिच्छेद-४ ........ ५२
अनुदान, राजस्व संकलन तथा परिचालन ........ ५२
४.१ आर्थिक वर्ष २०७६/७७ मा प्राप्त अनुदान र राजस्व असुलीको यथार्थ विवरण ........ ५२
४.२ आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण भएको अनुदान रकम र खर्चको अवस्था. ५३
४.३ आर्थिक वर्ष २०७६/७७ को स्रोतगत खर्चको अवस्था ........ ५३
४.४ आर्थिक वर्ष २०७६/७७ को बजेट विनियोजन र खर्चको अवस्था ........ ५४
४.५ आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकारबाट स्थानीय तहहरुलाई हस्तान्तरण भएको अनुदान रकम र निकासाको अवस्था ........ ५५
परिच्छेद-५ ........ ५६
चालु आर्थिक वर्ष २०७७/७८ को विनियोजन र खर्चको अवस्था ........ ५६
५.१ चालु आर्थिक वर्ष २०७७/७८ फाल्गुन मसान्तसम्मको बजेट विनियोजन र खर्चको अवस्था ........ ५६
परिच्छेद-६ ........ ५७
समस्या तथा चुनौती ........ ५७
६.१ प्रदेशमा राजस्व परिचालनको समस्या तथा चुनौती ........ ५७
६.२ राजस्व परिचालनलाई प्रभावकारी बनाउन चाल्नुपर्ने कदमहरु ........ ५७
परिच्छेद-७ ........ ५८
विविध ........ ५८
६.१ ऋण लगानी र दायित्व सम्बन्धी विवरण ........ ५८
६.२ वैदेशिक सहायता प्राप्तिको विवरण ........ ५८
६.३ वित्तीय सन्तुलन कायम गर्न अपनाइने रणनीति सहितको वित्तीय नीति ........ ५८

# कार्यकारी सारांश

- यस प्रगति विवरणमा सुदूरपश्चिम प्रदेशका विषयगत मन्त्रालयहरु, प्रदेश सभा सचिवालय र मुख्य न्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०७६/७७ को यथार्थ खर्च र प्रगति, सम्बन्धित मन्त्रालय, कार्यालय तथा निकायबाट सम्पादन भएका महत्वपूर्ण कार्यहरुको प्रगति विवरण प्रस्तुत गरिएको छ। यसका साथै चालु आर्थिक वर्ष २०७७/७८ को प्रथम आठ महिना (फाल्गुन मसान्त) सम्मको प्रगति विवरण संक्षेपमा प्रस्तुत गरिएको छ ।
- आर्थिक वर्ष २०७६/७७ मा खर्च व्यहोर्ने स्रोतमा आन्तरिक आयतर्फ रु. ८२ करोड ६८ लाख १७ हजार, संघीय सरकारबाट राजस्व बाँडफाँटबाट रु. ८ अर्ब ४ करोड ६८ लाख ५५ हजार, समानीकरण अनुदानतर्फ रु. ७ अर्ब ९५ करोड २४ लाख, आर्थिक वर्ष २०७५/७६ को बचत रु. ४ अर्ब ७८ करोड ५३ लाख ६३ हजार, समपूरक अनुदानतर्फ रु. १ अर्ब, विशेष अनुदानतर्फ रु. १ अर्ब र सशर्त अनुदानतर्फ रु. ४ अर्ब ५५ करोड ६ लाख गरी जम्मा रु. २८ अर्ब १६ करोड २० लाख ३५ हजार आय प्राप्त हुने अनुमान गरिएको थियो।
- सुदुरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को व्यय अनुमानको विवरण अनुसार चालुतर्फ रु. १२ अर्ब ५७ करोड ३६ लाख ५४ हजार, पुँजीगततर्फ रु. १३ अर्ब ६ करोड ७१ लाख ९९ हजार, वित्तीय व्यवस्थातर्फ रु. ४० करोड र अन्तर-सरकारी वित्तीय हस्तान्तरणतर्फ रु. २ अर्ब १२ करोड २१ लाख ७२ हजार गरी कुल रु. २८ अर्ब १६ करोड २० लाख ३५ हजारको खर्च हुने अनुमान रहेको थियो।
- आर्थिक वर्ष २०७६/७७ मा आन्तरिक स्रोत र राजस्व बाँडफाँटबाट एकमुष्टरुपमा यस प्रदेशमा रु. ६ अर्ब २५ करोड ७६ लाख ७३ हजार प्राप्त भएको छ, भने संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान वापत रु. ७ अर्ब ९५ करोड २४ लाख, सशर्त अनुदानतर्फ रु. ४ अर्ब ४१ करोड २४ लाख ५१ हजार, समपूरक अनुदानतर्फ रु. ५६ करोड ६१ लाख र विशेष अनुदानतर्फ रु. ३५ करोड गरी जम्मा रु. १९ अर्ब ५३ करोड ८६ लाख २४ हजार प्राप्त भएको छ।
- आर्थिक वर्ष २०७६/७७ मा भएको कुल विनियोजन रु. २८ अर्ब १६ करोड २० लाख ३५ हजारमध्ये चालुतर्फ रु. ८ अर्ब ३२ करोड ३६ लाख ४० हजार ७ सय ४१ अर्थात् कुल विनियोजनको तुलनामा २९.६ प्रतिशत र पुँजीगततर्फ रु. ९ अर्ब २८ करोड ८२ लाख ३५ हजार ९ सय २६ अर्थात् कुल विनियोजनको तुलनामा ३३.० प्रतिशत र अन्तरसरकारी वित्तीय हस्तान्तरणतर्फ रु. ९ अर्ब २५ करोड ३८ लाख ५६ हजार ७ सय ४८ अर्थात् कुल विनियोजनको तुलनामा ३२.९ प्रतिशत गरी खर्च भएको छ ।
- प्रदेश सरकारबाट आर्थिक वर्ष २०७६/७७ मा यस प्रदेश अन्तर्गत रहेका ८८ वटा स्थानीय तहहरुमा वित्तीय समानीकरण अनुदान रु. ६२ करोड २१ लाख ७२ हजार, विशेष अनुदान रु. ४५ करोड ६१ लाख ९४ हजार ५ सय २३, समपूरक अनुदान रु. ६७ करोड ९ लाख २७ हजार ३ सय ६३ र सशर्त अनुदान रु. ५५ करोड २४ लाख २२ हजार ५ सय १८ गरी जम्मा रु. २ अर्ब ३० करोड १७ लाख १६ हजार ४ सय ५ निकासा भएको छ ।

- चालु आर्थिक वर्ष २०७७/७८ मा राजस्व असुली र अनुदानबाट कुल रु. ८ अर्ब ४८ करोड ६ लाख ३० हजार अनुमान गरिएकोमा फाल्गुन मसान्तसम्ममा रु. ५ अर्ब ५ करोड २४ लाख ७५ हजार अर्थात कुल अनुमानको ५९.६ प्रतिशत आम्दानी प्राप्त भएको छ।
- चालु आर्थिक वर्ष २०७७/७८ मा चालुतर्फ (अन्तरसरकारी वित्तीय हस्तान्तरण, स्थानीय तहलाई वित्तीय हस्तान्तरण र वित्तीय व्यवस्था समेत) रु. १६ अर्ब ६२ करोड २८ लाख ६० हजार विनियोजन भएकोमा फाल्गुन मसान्तसम्म कुल रु. ३ अर्ब ७५ करोड ७४ लाख ३५ हजार अर्थात् विनियोजनको २२.६ प्रतिशत खर्च भएको छ ।
- चालु आर्थिक वर्ष २०७७/७८ मा पुँजीगततर्फ रु. १६ अर्ब ७५ करोड ८४ लाख ८८ हजार विनियोजन भएकोमा फाल्गुन मसान्तसम्म कुल पुँजीगत खर्च रु. ३ अर्ब ५५ करोड ३७ लाख ४३ हजार अर्थात विनियोजनको २१.२ प्रतिशत खर्च भएको छ । यसरी कुल विनियोजन रु. ३३ अर्ब ३८ करोड १३ लाख ४८ हजार भएकोमा फाल्गुन मसान्तसम्म रु. ७ अर्ब ३१ करोड ११ लाख ७८ हजार अर्थात् विनियोजनको तुलनामा २१.९ प्रतिशत कुल खर्च भएको छ ।

# परिच्छेद-१
# समष्टिगत आर्थिक तथा वित्तीय अवस्था

## १.१ मुलुकको समष्टिगत आर्थिक र वित्तीय अवस्था

- अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण अनुसार कोभिड-१९ को महामारीको कारण भएको बन्दाबन्दीका कारण सिर्जित विश्वव्यापी आर्थिक मन्दिले गर्दा सन् २०२० मा विश्वका अधिकांश देशहरुको आर्थिक वृद्धि ऋणात्मक भई विश्व अर्थतन्त्र ३.३ प्रतिशतमा सीमित हुन पुगेको थियो । कोभिड-१९ विरुद्धको खोपको उत्पादन र वितरणका कारण विभिन्न मुलुकले आफ्ना नागरिकलाई खोप लगाउन शुरु गरेकाले आगामी दिनमा विश्व बजारको आपूर्ति श्रृङ्खला सुचारु हुने, वस्तुको मागमा वृद्धि हुने, बन्दाबन्दी खुकुलो हुँदै जाने, हरेक मुलुकको काम गर्ने तरिकामा परिवर्तन हुने र उपभोक्ता, उद्योग तथा व्यवसायलाई आर्थिक सुविधा र राहत उपलब्ध गराउन वित्तीय सहयोगमा वृद्धि हुने भएकोले सन् २०२१ मा विश्व अर्थतन्त्र ६.० प्रतिशतले विस्तार हुने अनुमान गरिएको छ।
- आर्थिक वर्ष २०७६/७७ मा कोभिड-१९ महामारीबाट नेपालको अर्थतन्त्र प्रभावित हुन गई आर्थिक वृद्धिदर पछिल्लो दुई दशकमै पहिलोपटक २.१२ प्रतिशतले ऋणात्मक रहेको छ। स्वास्थ्य सङ्कटको अवस्थामा क्रमशः सुधार आउने अपेक्षा सहित नेपालको आर्थिक वृद्धिदर चालु आर्थिक वर्षमा ४.० प्रतिशत रहने अनुमान गरिएकोमा चालु आर्थिक वर्षको तेस्रो चौमासिकबाट तीव्र गतिले फैलिइरहेको कोभिड-१९ को दोस्रो लहरको कारण अनुमानित आर्थिक वृद्धिदर हासिल गर्ने कार्य चुनौतीपूर्ण छ।
- कोभिड-१९ महामारीको कारण आर्थिक वर्ष २०७६/७७ मा कर्णाली र सुदूरपश्चिम प्रदेश बाहेक सबै प्रदेशको आर्थिक वृद्धिदर ऋणात्मक रहेकोमा चालु आर्थिक वर्ष २०७७/७८ मा सबै प्रदेशको आर्थिक वृद्धिदर ३.५ प्रतिशत भन्दा उच्च रहने अनुमान छ । यस अवधिमा सबैभन्दा बढी आर्थिक वृद्धिदर वागमती प्रदेशको ४.६ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. २ को ३.५ प्रतिशत रहने अनुमान छ।
- चालु आर्थिक वर्ष २०७७/७८ मा कृषि, उद्योग र सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि क्रमशः २.६ प्रतिशत, ५.० प्रतिशत र ४.४ प्रतिशतले हुने अनुमान छ । त्यसैगरी, चालु आर्थिक वर्षको कुल मूल्य अभिवृद्धिमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.८ प्रतिशत, १३.१ प्रतिशत र ६१.१ प्रतिशत रहने अनुमान छ।
- चालु आर्थिक वर्ष २०७७/७८ को अनुमानित राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु. ४२ खर्ब ६६ अर्ब ३२ करोड मध्ये वागमती प्रदेशको अंश सबैभन्दा बढी ३७.७ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.० प्रतिशत रहने अनुमान छ।
- आर्थिक वर्ष २०७६/७७ मा कुल लगानी ३०.४ प्रतिशतले सङ्कुचन भएकोमा आर्थिक वर्ष २०७७/७८ मा १८.१ प्रतिशतले वृद्धि भई रु. १३ खर्ब १२ अर्ब ७१ करोड पुग्ने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनसँग बचतको अनुपात ६.६ पुग्ने अनुमान छ।
- चालु आर्थिक वर्षमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) मा ५.८ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ११९१ पुगेको अनुमान छ। त्यसैगरी, प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मल्यमा) ५.० प्रतिशतले वृद्धि भई अमेरिकी डलर ११९६ पुगेको अनुमान छ भने प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा) ४.५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर १४८६ पुगेको अनुमान छ।

- पछिल्ला वर्षहरूमा वस्तु तथा सेवाको औसत मूल्यस्तर वाञ्छित सीमाभित्र रहँदै आएको छ। आर्थिक वर्ष २०७७/७८ को फाल्गुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ३.५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ६.५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७६/७७ मा औसत उपभोक्ता मुद्रास्फीति ६.२ प्रतिशत रहेको थियो।
- आर्थिक वर्ष २०७६/७७ मा संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च रु. ११ खर्ब ९१ अर्ब ६ करोड रहेको छ। एकीकृत खर्चमध्ये चालु खर्च ५६.० प्रतिशत, पुँजीगत खर्च ३४.१ प्रतिशत र वित्तीय व्यवस्था ९.९ प्रतिशत रहेको छ।
- चालु आर्थिक वर्षको फाल्गुनसम्म संघीय राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.६ प्रतिशतले वृद्धि भई रु. ५ खर्ब १ अर्ब ९७ करोड पुगेको छ। संघीय सरकारी खर्च ६.४ प्रतिशतले सङ्कुचन भई रु. ५ खर्ब ७१ अर्ब ७७ करोड रहेको छ।
- चालु आर्थिक वर्षको फाल्गुनसम्म रु. ७ अर्ब ४८ करोड अनुदान र रु. ८५ अर्ब २ करोड ऋण गरी जम्मा रु. ९२ अर्ब ५० करोड अन्तर्राष्ट्रिय विकास सहायता परिचालन भएको छ। त्यसैगरी, यस अवधिमा ऋणतर्फ रु. ५० अर्ब ३८ करोड र अनुदानतर्फ रु. ९ अर्ब ७१ करोड गरी जम्मा रु. ६० अर्ब ९ करोड अन्तर्राष्ट्रिय विकास सहायता उपयोग भएको छ।
- चालु आर्थिक वर्षको फाल्गुनसम्म ३ ठूला पूर्वाधारका परियोजनामा रु. ३८ अर्ब ६७ करोड ९१ लाख र १३३ उद्योगमा रु. २५ अर्ब ५१ करोड गरी जम्मा रु. ६४ अर्ब १९ करोड बराबरको विदेशी लगानी स्वीकृत भएको छ।
- कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी कार्यका लागि तीन तहका सरकारमा स्थापना गरिएको कोषमा जम्मा भएको रकम तथा विनियोजन समेत गरी २०७८ वैशाखसम्म रु. ३४ अर्ब ११ करोड रहेकोमा सो अवधिसम्म रु. २३ अर्ब १६ करोड खर्च भएको छ। विनियोजित एवम् सङ्कलित रकममध्ये यस अवधिसम्म रु. १० अर्ब ९५ करोड खर्च हुन बाँकी रहेको छ।
- चालु आर्थिक वर्षको फाल्गुनसम्म कुल वस्तु पैठारी २.१ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब ४३ अर्ब ९९ करोड पुगेको छ। चालु आर्थिक वर्षको फाल्गुनसम्म कुल वस्तु निकासी ७.८ प्रतिशतले वृद्धि भई रु. ८० अर्ब ७८ करोड पुगेको छ। आर्थिक वर्ष २०७६/७७ को सोही अवधिमा वस्तु निर्यात रु. ७४ अर्ब ९१ करोड रहेको थियो।
- आर्थिक वर्ष २०७७/७८ को फाल्गुनसम्म शोधनान्तर स्थिति रु. ६८ अर्बले बचतमा रहेको छ भने चालु खाता रु. १ खर्ब ४८ अर्ब ६८ करोडले घाटामा रहेको छ। आर्थिक वर्ष २०७६/७७ को सोही अवधिमा शोधनान्तर स्थिति रु. ३७ अर्ब ८४ करोडले बचतमा रहेको थियो भने चालु खाता रु. १ खर्ब १९ अर्ब ७० करोडले घाटामा रहेको थियो।
- आर्थिक वर्ष २०७७/७८ को फाल्गुनसम्म विप्रेषण आप्रवाह ८.६ प्रतिशतले वृद्धि भई रु. ६ खर्ब ४२ अर्ब १४ करोड पुगेको छ। आर्थिक वर्ष २०७६/७७ को सोही अवधिमा विप्रेषण आप्रवाह रु.५ खर्ब ९१ अर्ब १९ करोड रहेको थियो। आर्थिक वर्ष २०७६/७७ मा विप्रेषण आय रु. ८ खर्ब ७५ अर्ब ३ करोड रहेको थियो।
- २०७७ असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति रु. १४ खर्ब १ अर्ब ८४ करोड रहेकोमा २०७७ फाल्गुन मसान्तमा रु. १४ खर्ब ३६ अर्ब ५४ करोड पुगेको छ। यस सञ्चितिले ११.३ महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्ने देखिन्छ।

- पछिल्ला वर्षमा मानव विकास सूचकाङ्कमा सुधार हुँदै आएको छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सन् २०२० को प्रतिवेदनअनुसार नेपालको मानव विकास सूचकाङ्क अघिल्लो वर्षको ०.५७९ को तुलनामा सुधार भई ०.६०२ पुगेको छ।
- २०७७ फाल्गुनसम्म ९३.० प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। राष्ट्रिय ग्रिडमा कुल जडित विद्युत उत्पादन गत वर्षको तुलनामा ४.१ प्रतिशतले वृद्धि भई १४५८ मेगावाट पुगेको छ। प्रतिव्यक्ति विद्युत खपत २६० किलोवाट घण्टा पुगेको छ।
- २०७७ फाल्गुनसम्म मुलुकभर रणनीतिक र स्थानीय सडक सञ्जाल गरी कालोपत्रे १५ हजार ९ सय ७४ किलोमिटर, खण्डाश्मित ८ हजार ५ सय ८२ किलोमिटर र कच्ची सडक ८ हजार ९ सय ७२ किलोमिटर गरी ३३ हजार ५ सय २८ किलोमिटर सडक निर्माण भएको छ । प्रदेश तथा स्थानीयस्तरबाट कच्ची ग्राभेल र कालोपत्रे सहित जम्मा ६३ हजार ५ सय ७७ किलोमीटर सड्क निर्माण भएको छ।
- २०७७ को फाल्गुनसम्म टेलिफोन घनत्व १३०.३ प्रतिशत र ईन्टरनेट ग्राहक घनत्व ८२.८ प्रतिशत पुगेको छ । गत आर्थिक वर्षमा टेलिफोन घनत्व १२६.७ प्रतिशत र ईन्टरनेट ग्राहक घनत्व ७३ प्रतिशत रहेको थियो।
- २०७७ फाल्गुनसम्म आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या ९१.५ प्रतिशत र उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या २३.० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को फाल्गुनसम्म थप १ लाख ५५ हजार ८ सय ८ जनसङ्ख्या आधारभूत खानेपानीको सुविधाबाट लाभान्वित भएका छन्।

## १.२ प्रदेशको समष्टिगत आर्थिक र वित्तीय अवस्था

- चालु आर्थिक वर्ष २०७७/७८ को फाल्गुन मसान्तसम्ममा आन्तरिक आयतर्फ रु. ६० करोड ७० लाख ३० हजार र राजस्व बाँडफाँटबाट रु. ७ अर्ब ८७ करोड ३६ लाख समेत गरी कुल रु. ८ अर्ब ४७ करोड ६ लाख ३० हजार राजस्व परिचालन हुने लक्ष्य राखिएकोमा रु. ५ अर्ब ५ करोड २४ लाख ७५ हजार प्राप्त भई लक्ष्यको तुलानामा ५९.६ प्रतिशतले प्रगति भएको छ।
- चालु आर्थिक वर्ष २०७७/७८ को फाल्गुन मसान्तसम्ममा चालुतर्फ रु. २ अर्ब ७२ करोड ९३ लाख ४८ हजार अर्थात् विनियोजनको १८.८ प्रतिशत र पुँजीगततर्फ रु. ३ अर्ब ५५ करोड ३७ लाख ४३ हजार अर्थात विनियोजनको २१.२ प्रतिशत खर्च र अन्तर-सरकारी वित्तीय हस्तान्तरणतर्फ रु. १ अर्ब २ करोड ८० लाख ५१ हजार अर्थात् विनियोजनको तुलनामा ४८.२ प्रतिशत खर्च भएको छ।
- आर्थिक वर्ष २०७७/७८ को अनुमानित कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रु. ४२ खर्ब ६६ अर्ब ३२ करोड मध्ये यस प्रदेशको अंश ६.९ प्रतिशत (अर्थात रु. २ खर्ब ९४ अर्ब ३७ करोड ६० लाख ८० हजार) रहने अनुमान गरिएको छ । आर्थिक वर्ष २०७६/७७ मा प्रदेशको यस्तो हिस्सा ७.० प्रतिशत रहेको थियो ।
- आर्थिक वर्ष २०७६/७७ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ०.४४ प्रतिशत रहको थियो भने आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ६.५ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ३.६ प्रतिशत रहने अनुमान रहेको छ ।
- चालु आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३६.१ प्रतिशत रहने अनुमान छ । यस्तै, उद्योग क्षेत्रको योगदान १३.२ प्रतिशत र सबैभन्दा बढी सेवा क्षेत्रको योगदान ५०.७ प्रतिशत रहने अनुमान गरिएको छ ।
- प्रदेशमा चालु आर्थिक वर्ष २०७७/७८ को फाल्गुन मसान्तसम्ममा ५२ मेगावाट जलविद्युत उत्पादन भएको छ ।
- प्रदेशमा चालु आर्थिक वर्ष २०७७/७८ को प्रथम आठ महिनामा उद्योग दर्ताको संख्या ११६ रहेको छ भने लघु, घरेलु तथा साना उद्योगको संख्या ३२ हजार ५ सय ५८ रहेकोमा प्रदेशमा उद्योग क्षेत्रमा रु. ३९ अर्ब बराबरको लगानी भएको छ ।
- प्रदेशका ८८ वटै स्थानीय तहहरुको सडक सञ्जाल ५ हजार ३ सय २६ किलोमिटर रहेको छ ।
- चालु आर्थिक वर्ष २०७७/७८ को फाल्गुनसम्म यस प्रदेशमा रहेका बैक तथा वित्तीय संस्थाहरुको शाखा संख्या ७ सय ५५ रहेको छ ।
- बहुआयामिक गरिबी सूचकाङ्क प्रतिवेदन-२०१८ अनुसार यस प्रदेशमा बहुआयामिक गरिबीको संख्या जनसंख्याको ३३.६ प्रतिशत रहेको छ, जुन राष्ट्रिय बहुआयामिक गरिबी २८.६ प्रतिशतले भन्दा ५.० प्रतिशत बिन्दुले बढी हो । सन् २०११ मा यस प्रदेशको बहुआयामिक गरिबी ५०.८ प्रतिशत रहेको थियो ।

- नेपाल मानव विकास प्रतिवेदन-२०२० अनुसार यस प्रदेशको मानव विकास सूचकाङ्क ०.५४७ रहेको छ । नेपालको समग्र मानव विकास सूचकाङ्क भने ०.५८७ रहेको छ । यद्यपी, यु.एन.डि.पी. ले प्रकाशन गरेको मानव विकास सूचकाङ्क प्रतिवेदन-२०२० अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.६०२ रहेको छ ।
- नेपाल मानव विकास सूचकाङ्क प्रतिवेदन-२०२० अनुसार यस प्रदेशको लैङ्गिक विकास सूचकाङ्क (Gender Development Index (GDI) ०.९०३ रहेको छ भने लैङ्गिक असमानता सूचक (Gender Inequality Index-GII) को मान ०.५२२ रहेको छ ।
- राष्ट्रिय आर्थिक गणना-२०७५ अनुसार यस प्रदेशमा ६२ हजार ९ सय ६८ औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरु रहेका छन् । जसमा १ लाख ८५ हजार २ सय जनाले प्रत्यक्ष रुपमा रोजगारी पाएको देखिन्छ ।
- केन्द्रीय तथ्याङ्क विभागले गरेको नेपाल श्रमशक्ति सर्वेक्षण-२०१८ अनुसार नेपालमा श्रम बजारमा सक्रिय जनशक्तिमध्ये ११.४ प्रतिशत बेरोजगार छन्, जसमध्ये पुरुष १०.३ प्रतिशत र महिला १३.१ प्रतिशत रहेको छन् । सुदूरपश्चिम प्रदेशमा भने ११.५ प्रतिशत सक्रिय जनशक्ति बेरोजगार रहेको छन्, जुन राष्ट्रिय औसत भन्दा बढी हो ।

# परिच्छेद-२
# वार्षिक बजेट, आय र खर्चको विश्लेषण

## २.१ आर्थिक वर्ष २०७६/७७ को बजेट विनियोजन, आय र खर्चको अवस्था

- आर्थिक वर्ष २०७६/७७ को बजेटले प्रदेशको गरिबी न्यूनीकरण गर्दै निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यमा फराकिलो र उच्च आर्थिक वृद्धि, प्रदेशका आमजनताको जीवनस्तरमा सुधारको अनुभूति ल्याउन सुशासन, रोजगारी, सामाजिक न्याय र मौलिक हकको सुनिश्चितता, कृषि क्षेत्रको विकास र कृषिमा युवावर्गको आकर्षण र उत्पादन र उत्पादकत्व अभिवृद्धि, र आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकास र विस्तारमार्फत समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकासमा प्रदेशको योगदान अभिवृद्धि गर्ने लक्ष्य राखी बजेट तथा कार्यक्रम तय गरिएको थियो ।
- आर्थिक वर्ष २०७६/७७ को बजेट तथा कार्यक्रमले गरिबी न्यूनीकरण, रोजगारी सिर्जना, पूर्वाधार विकास र विस्तार, सामाजिक क्षेत्रको विकास, कृषि, उद्योग, पर्यटन लगायत प्राथमिक, द्वितीय र सेवा क्षेत्रको विकास, सार्वजनिक सेवा प्रवाहमा सुधार, मानव विकास सूचकाङ्कमा सुधार गर्दै राष्ट्रिय र प्रादेशिक विकासका लक्ष्य हासिल गर्ने गरी बजेटको प्राथमिकता निर्धारण गरेको थियो ।
- आर्थिक वर्ष २०७६/७७ का लागि कुल विनियोजन रु.२८ अर्ब १६ करोड २० लाख ३५ हजार रहेको थियो । कुल विनियोजन मध्ये चालुतर्फ रु. १२ अर्ब ५७ करोड २६ लाख ६४ हजार अर्थात् ४४.६ प्रतिशत, पुँजीगततर्फ रु. १३ अर्ब ६ करोड ७१ लाख ९९ हजार अर्थात् ४६.४ प्रतिशत, वित्तीय व्यवस्थातर्फ रु. ४० करोड अर्थात् १.४ प्रतिशत र अन्तरसरकारी वित्तीय हस्तान्तरणतर्फ रु. २ अर्ब १२ करोड २१ लाख ७२ हजार अर्थात् ७.५ प्रतिशत विनियोजन गरिएको थियो।
- आर्थिक वर्ष २०७६/७७ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक आयबाट रु. ८२ करोड ६८ लाख १७ हजार, संघीय सरकारको वित्तीय समानीकरण अनुदान रु. ७ अर्ब ९५ करोड २४ लाख र आर्थिक वर्ष २०७५/७६ को विनियोजनबाट बचत हुने अनुमानित रकमबाट प्राप्त हुने रु. ४ अर्ब ७८ करोड ५३ लाख ६३ हजार, संघीय सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुने रु. ८ अर्ब ४ करोड ६८ लाख ५५ हजार, संघीय सशर्त अनुदानबाट प्राप्त हुने रु. ४ अर्ब ५५ करोड ६ लाख, संघीय सरकारबाट समपूरक अनुदान वापत प्राप्त हुने रु. १ अर्ब, र विशेष अनुदानबाट प्राप्त हुने रु. १ अर्ब रहेको थियो ।
- प्रदेशले आर्थिक वर्ष २०७६/७७ को लागि स्थानीय तहहरुलाई वित्तीय समानीकरण अनुदान वापत रु. ६२ करोड २१ लाख ७२ हजार विनियोजन गरेको छ ।
- सुदुरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को व्यय अनुमानको विवरण अनुसार चालुतर्फ रु. १२ अर्ब ५७ करोड ३६ लाख ५४ हजार, पुँजीगततर्फ रु. १३ अर्ब ६ करोड ७१ लाख ९९ हजार, वित्तीय व्यवस्थातर्फ रु. ४० करोड र अन्तर-सरकारी हस्तान्तरणतर्फ रु. २ अर्ब १२ करोड २१ लाख ७२ हजार गरी जम्मा रु. २८ अर्ब १६ करोड २० लाख ३५ हजारको खर्च हुने अनुमान रहेको थियो।

- आर्थिक वर्ष २०७६/७७ मा भएको कुल विनियोजन रु. २८ अर्व १६ करोड २० लाख ३५ हजारमध्ये चालुतर्फ रु. ८ अर्व ३२ करोड ३६ लाख ४० हजार ७ सय ४१ अर्थात् कुल विनियोजनको तुलनामा २९.६ प्रतिशत र पुँजीगततर्फ रु. ९ अर्व २८ करोड ८२ लाख ३५ हजार ९ सय २६ अर्थात् कुल विनियोजनको तुलनामा ३३.० प्रतिशत र अन्तरसरकारी वित्तीय हस्तान्तरणतर्फ रु. ९ अर्व २५ करोड ३८ लाख ५६ हजार ७ सय ४८ अर्थात् कुल विनियोजनको तुलनामा ३२.९ प्रतिशत गरी खर्च भएको छ।
- प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ मा यस प्रदेश अन्तर्गत रहेका ८८ वटा स्थानीय तहहरुमा वित्तीय समानीकरण अनुदान रु. ६२ करोड २१ लाख ७२ हजार, विशेष अनुदान रु. ४५ करोड ६१ लाख ९४ हजार ५ सय २३, समपूरक अनुदान रु. ६७ करोड ९ लाख २७ हजार ३ सय ६३ र सशर्त अनुदान रु. ५५ करोड २४ लाख २२ हजार ५ सय १८ गरी जम्मा रु. २ अर्व ३० करोड १७ लाख १६ हजार ४ सय ५ निकासा गरेको छ ।

**तालिका नं. १ : आर्थिक वर्ष २०७६/७७ को यथार्थ आय**

(रु. हजारमा)

| सि.नं. | स्रोत | आ.व. २०७६/७७ को अनुमान | आ.व. २०७६/७७ को यथार्थ आय | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघीय सरकारबाट राजस्व बाँडफाँट | ८०४६८५५ | ५३८२१७८ | ६६.८९ | |
| २ | रोयल्टी बाँडफाँट | ०.००० | ०.००० | ०.०० | |
| २ | वित्तीय समानीकरण अनुदान | ७९५२४०० | ७९५२४०० | १००.०० | |
| ४ | सशर्त अनुदान | ४५५०६०० | ४४१२४५१ | ९६.९६ | |
| ५ | समपूरक अनुदान | १०००००० | ५६६१०० | ५६.६१ | |
| ६ | विशेष अनुदान | १०००००० | ३५०००० | ३५.०० | |
| ७ | वैदेशिक सहायता (अनुदान र ऋण) | ०.००० | ०.००० | ०.०० | |
| ८ | प्रदेश सरकारको आन्तरिक आय | ८२६८१७ | ८७५४९५ | १११.३४ | |
| ९ | प्रदेश सरकारको आ.व. २०७६/७७ को बचत | ४७८५३६३ | ७५३५७०५ | १२७.४९ | |
| | **जम्मा** | **२८१६२०३५** | **२७०७४३२९** | **५९.९७** | |

### तालिका नं. २ : आर्थिक वर्ष २०७६/७७ को मन्त्रालय तथा निकायगत खर्च विवरण

(रु. हजारमा)

| सि.नं. | मन्त्रालय/निकाय | आ.व. २०७६/७७ को खुद बजेट | आ.व. २०७६/७७ को यथार्थ खर्च | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश व्यवस्थापिका सचिवालय | १७९०६९ | १३८४९२ | ७७.३४ | |
| २ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | १६७९२४ | ९१२८८ | ५४.३६ | |
| २ | आर्थिक मामिला मन्त्रालय | ८७८३१४ | ४५२०३४ | ५१.४७ | |
| ४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २३७०६२७ | १०७८८४० | ४५.५१ | |
| ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २८१३६२० | १९२८४८२ | ६८.५४ | |
| ६ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २९१९४३ | १०८४२९ | ३७.१४ | |
| ७ | भौतिक पुर्वाधार विकास मन्त्रालय | ११९१५५९८ | ८२६२२७३ | ६९.३४ | |
| ८ | सामाजिक विकास मन्त्रालय | ५१७४४१९ | ३२५०४३४ | ६२.८२ | |
| ९ | स्थानीय तहलाई वित्तीय हस्तान्तरण | २७०३४७७ | २३०१७१६ | ८५.१४ | |
| १० | अर्थ वित्तीय व्यवस्था | ४००००० | ० | | |
| ११ | अर्थ विविध | २३३८०१० | ० | | |
| | **जम्मा** | **२९२३३००१** | **१७६११९८९** | **६०.२५** | |

### २.२ चालु आर्थिक वर्ष २०७७/७८ को फाल्गुनसम्मको यथार्थ आय र खर्चको विवरण

- चालु आर्थिक वर्ष २०७७/७८ को फाल्गुन मसान्तसम्म राजस्व बाँडफाँट र आन्तरिक आयबाट एकमुष्ठ रुपमा रु. ५ अर्व ४५ करोड ५२ लाख ७९ हजार प्राप्त भएको छ । जसमा बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर रु. ३ अर्व ११ करोड ८७ लाख १३ हजार र बाँडफाँटबाट प्राप्त हुने अन्तःशुल्क रु. ८७ करोड ६९ लाख ६७ हजार गरी राजस्व बाँडफाँटबाट जम्मा रु. ३ अर्व ९९ करोड ५६ लाख ८० हजार रहेको छ । यसैगरी, बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुरबाट रु. १९ करोड ५५ लाख ७ हजार, बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर रु. १५ करोड ४८ लाख ७३ हजार र सवारी साधन करबाट रु. ४१ करोड १६ लाख ७३ हजार रहेको छ।
- चालु आर्थिक वर्ष २०७७/७८ मा चालुतर्फ (अन्तरसरकारी वित्तीय हस्तान्तरण र स्थानीय तहलाई वित्तीय हस्तान्तरण र वित्तीय व्यवस्था समेत) रु. १६ अर्ब ६२ करोड २८ लाख ६० हजार विनियोजन भएकोमा फाल्गुन मसान्तसम्म कुल रु. ३ अर्ब ७५ करोड ७४ लाख ३५ हजार अर्थात् विनियोजनको २२.६ प्रतिशत खर्च भएको छ ।
- चालु आर्थिक वर्ष २०७७/७८ मा पुँजीगततर्फ रु. १६ अर्ब ७५ करोड ८४ लाख ८८ हजार विनियोजन भएकोमा फाल्गुन मसान्तसम्म कुल रु. ३ अर्ब ५५ करोड ३७ लाख ४३ हजार अर्थात विनियोजनको २१.२ प्रतिशत खर्च भएको छ । यसरी कुल विनियोजन रु. ३३ अर्ब ३८ करोड १३ लाख ४८ हजार भएकोमा फाल्गुन मसान्तसम्म रु. ७ अर्ब ३१ करोड ११ लाख ७८ हजार अर्थात् विनियोजनको तुलनामा २१.९ प्रतिशत खर्च भएको छ ।

## तालिका नं. ३ : चालु आर्थिक वर्ष २०७७/७८ को फाल्गुन मसान्तसम्मको आम्दानीको यथार्थ विवरण

(रु. हजारमा)

| सि.नं. | राजस्व शीर्षक | अघिल्लो महिनासम्मको | यो महिनाको | जम्मा |
|---|---|---|---|---|
| १ | बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर | ९०५६८ | १०४९३९ | १९५५०७ |
| २ | बाँडफाँट भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | २६४९०५५ | ४६९६५८ | ३११८७१३ |
| ३ | बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क | ७६८६०२ | १०८३६५ | ८७६९६७ |
| ४ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १५४८७३ | ० | १५४८७३ |
| ५ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ३० | ० | ३० |
| ६ | व्यवसायले भुक्तानी गर्ने | ६० | ० | ६० |
| ७ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ६९ | ३५ | १०३ |
| ८ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ३८४४६ | ० | ३८४४६ |
| ९ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ४३ | ० | ४३ |
| १० | बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ६५७३ | ० | ६५७३ |
| ११ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २०८४ | ० | २०८४ |
| १२ | बाँडफाँट भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ३६ | ० | ३६ |
| १३ | कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | ५३५१ | ८१९ | ६१६९ |
| १४ | सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | १२६ | ० | १२६ |
| १५ | न्यायिक दस्तुर | १२ | ० | १२ |
| १६ | शिक्षा क्षेत्रको आम्दानी | १५४ | ५७ | २११ |
| १७ | परीक्षा शुल्क | १३८० | १८ | १३९८ |
| १८ | यातायात क्षेत्रको आम्दानी | १८६८० | १७२६ | २०४०५ |
| १९ | अन्य प्रशासनिक सेवा शुल्क | १३३४५ | २४९३ | १५८३८ |
| २० | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५४७४ | ३६०६ | २९०८० |
| २१ | चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | ७१०३५ | १३७३१ | ८४७६६ |
| २२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ८५० | २११ | १०६० |
| २३ | अन्य राजस्व | ० | ० | ० |
| २४ | बेरूजु | ५८३९० | ३०८८ | ६१४७८ |
| २५ | निकासा फिर्ता | ६७७४४ | ० | ६७७४४ |
| २६ | अनुदान फिर्ता | २९०६७९ | ११४४९ | ३०२१२९ |
| २७ | सवारी साधन कर | ३७३९९९ | ३७६७३ | ४११६७३ |
| २८ | वन क्षेत्रको रोयल्टी | ५२९०२ | ६८५१ | ५९७५३ |
| | **जम्मा** | **४६९०५६१** | **७६४७१८** | **५४५५२७९** |

**तालिका नं. ४: चालु आर्थिक वर्ष २०७७/७८ को फाल्गुनसम्मको मन्त्रालय तथा निकायगत खर्च विवरण**

(रु. हजारमा)

| सि.नं. | मन्त्रालय/निकाय | आ.व. २०७७/७८ को विनियोजन | आ.व. २०७७/७८ फाल्गुन सम्मको खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रदेश व्यवस्थापिका | १९३३४६ | ७५६०३ | ३९.१० |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९९३७४९ | ६४५६७ | ६.५० |
| ३ | आर्थिक मामिला मन्त्रालय | १५९१०३० | २९१९७ | १.८४ |
| ४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २८६५२०२ | ६६३३१२ | २३.१५ |
| ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३३३५१९६ | ५५२७३८ | १६.५७ |
| ६ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४८७१६५ | ८४५२० | १७.३५ |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ११४८३५३८ | २९९७७०० | २६.१ |
| ८ | सामाजिक विकास मन्त्रालय | ६९२१३४० | १८१५४९२ | २६.२३ |
| ९ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | ३००००० | ० | ० |
| १० | अर्थ - विविध | २८८५३५० | ० | ० |
| ११ | स्थानीय तह | २५३२३२४ | १०२८०५१ | ४०.६ |
| | **जम्मा** | **३३५८८२४१** | **७३१११७८** | **२१.७७** |

# परिच्छेद-३

# आर्थिक वर्ष २०७६/७७ को कार्यक्रम, उपलब्धि, समस्या र सामाधानका उपाय

## ३.१ मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

**आर्थिक वर्ष २०७६/७७ मा तर्जुमा भएका कानूनहरुको विवरण :**

**नीति :**

- छाउपडी प्रथाजन्य कुरीति उन्मुलन नीति, २०७६

**ऐन :**

- स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६
- सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७

**नियमावली :**

- प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६

**कार्यविधि :**

- प्रदेश निजामती कर्मचारी सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७७

**निर्देशिका :**

- प्रदेश निजामती कर्मचारीको आन्तरिक भ्रमण (कार्यक्रम सञ्चालन) निर्देशिका, २०७७

**गठन आदेश :**

- सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) आदेश, २०७६
- प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७६

**मुख्य-मुख्य सम्पादित कार्यहरु. :**

- सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा उपर राय सुझाव सङ्कलन कार्यकम : कञ्चनपुर, कैलाली, डोटी र बैतडीमा सम्पन्न ।
- सुशासन, भ्रष्टाचार नियन्त्रण र मानव अधिकार प्रवर्द्धन कार्यक्रम : कञ्चनपुरमा सम्पन्न भएको ।
- निजामती कर्मचारी आवासीय विद्यालयको भवन निर्माण कार्यको प्रारम्भ भएको ।
- प्रदेश सरकारका मन्त्रालय एवम् निकायहरुको सँगठन एवम् व्यवस्थापन सर्वेक्षण कार्यको प्रारम्भ भएको ।
- विकास आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन फाराम निर्माण एवम् प्रयोग गरिएको ।
- निजामती सेवा दिवस, संविधान दिवस लगायतका दिवस तथा समारोहको आयोजना गरिएको ।
- प्रगति समीक्षा कार्यक्रम सञ्चालन गरिएको ।

## ३.२ आन्तरिक मामिला तथा कानून मन्त्रालय

**१. आर्थिक वर्ष २०७६/७७ मा जारी भएका ऐन, नीति, नियम, कार्यविधि र मापदण्डहरुको विवरणः**

**क) नीतिः-**

- छाउपडी प्रथाजन्य कुरीति उन्मुलन नीति, २०७६

**ख) ऐनः-**

- साझेदारी व्यवसाय ऐन, २०७६
- स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६
- सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६
- सुदूरपश्चिम प्रदेश खेलकुद ऐन, २०७६
- सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०७६
- प्राईभेट फर्म दर्ता गर्ने सम्बन्धी ऐन, २०७६
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७७
- आर्थिक ऐन,२०७६
- विनियोजन विधेयक ऐन, २०७६

**ग) नियमावलीः-**

- प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६
- सुदुरपश्चिम प्रदेश सहकारी नियमावली, २०७६
- प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६

**घ) कार्यविधिः-**

- सुदूरपश्चिम प्रदेशको कृषि विकास कार्यक्रम कार्यविधि, २०७६
- सुदूरपश्चिम प्रदेशको पशुपन्छी विकास कार्यक्रम कार्यविधि, २०७६
- सुदूरपश्चिम प्रदेश स्वयंसेवक परिचालन कार्यविधि, २०७६
- अनुदान तथा सहायता रकम निकासा एवम् कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
- मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यविधि, २०७६
- प्रदेश विषेश अनुदान सम्बन्धी कार्यविधि, २०७६
- प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७६
- अनुदान तथा सहायता रकम निकासा एवम् कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
- सार्वजनिक तथा सामुदायिक पुस्तकालय अनुदान कार्यविधि, २०७६
- सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६
- कोल्डस्टोर, कोल्डरुम र राइपेनिङ्ग च्याम्वर निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- मिल्क एनालाइजर वितरण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७६

- सहकारी संघ संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७६
- अपाङ्गता प्रादेशिक निर्देशन समिति गठन कार्यविधि, २०७६
- नवीन उद्यम स्थापनाका लागि अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७६

**ङ) निर्देशिकाः-**

- एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७५
- शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०७६
- सुदूरपश्चिम प्रदेशस्तरीय संयुक्त बजार अनुगमन निर्देशिका, २०७६
- सुपथ मूल्य पसल सञ्चालन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६
- सामुदायिक पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७६
- प्रदेश निजामती कर्मचारी आन्तरिक भ्रमण (कार्यक्रम सञ्चालन) निर्देशिका,२०७७

**च) मापदण्डः-**

- सुदूरपश्चिम प्रदेश कोरोना भाइरस लकडाउन राहत मापदण्ड, २०७६

**छ) गठन आदेशः-**

- सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) आदेश, २०७६
- रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति गठन आदेश, २०७६

**२. आर्थिक वर्ष २०७६/७७ मा सम्पादित प्रमुख कार्यक्रमहरुको प्रगति तथा उपलब्धि :-**

**क) शान्ति सुरक्षाः-**

- प्रदेश सुरक्षा समन्वय समितिको २ वटा बैठक सञ्चालन र निर्णय कार्यान्वयनका लागि समन्वय,
- साईबर अपराध नियन्त्रण सम्बन्धी तालिम ३ वटा जिल्लामा सञ्चालन,
- कारागार सुधार कार्यक्रम अन्तर्गत ९ वटै जिल्ला कारागार कार्यालयहरुलाई रु. २ लाखका दरले जम्मा रु. १८ लाख अख्तियारी प्रदान,
- प्रहरी चौकी भवन टेडुवा कञ्चनपुर निर्माण कार्य सुचारु,
- प्रहरी चौकी भवन चौरपाटी अछाम निर्माण कार्य सुचारु,
- प्रहरी चौकी भवन मौरे बाजुरा निर्माण कार्य सुचारु,
- कैलाली जिल्लाको त्रिनगर भन्सार नाका र कञ्चनपुर जिल्लाको गड्डाचौकी नाकामा नागरिक सीमा सहायता कक्ष स्थापना भई सञ्चालनमा रहेको,
- सुरक्षा व्यवस्थालाई प्रभावकारी वनाउन सि.सि.टि.भी. जडानका लागि जिल्ला प्रहरी कार्यालय, कैलालीलाई रु. ३० लाख र जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरलाई रु. २० लाख रकम अख्तियारी प्रदान,
- कैलाली जिल्लाको ध.उ.म.न.पा. ९- वंगराकटान, ऐ. १० जुगेडा खल्लागौडी, कैलारी गा.पा. ३ खोनपुर, भजनी न.पा. ७ हिम्मतपुर र टी.न.पा. ८ श्रीलङ्का टापुमा गरी जम्मा ५ ठाउमा वि.ओ.पी स्थापना ।

**ख) कानून:-**

- यस मन्त्रालयले राय परामर्श तथा सैद्धान्तिक सहमति प्रदान गरेका कानूनहरुको विवरण:-
    - विधेयक -१६
    - नियमावली -३
    - कार्यविधि -२२
    - गठन आदेश -४
    - निर्देशिका -६
    - मापदण्ड -१
    - लिखित जवाफ -१
    - अन्य -४
- **कार्यक्रम:-**
    - फैसला कार्यान्वयन अनुगमन कार्यक्रम ९ वटै जिल्लामा सञ्चालन,
    - प्रदेश सभाबाट बनेका कानूनहरु. कार्यान्वयनका लागि अभिमुखीकरण अन्तरक्रिया कार्यक्रम ५ वटा जिल्लामा सञ्चालन,

**ग) विपद्**

- प्रदेश आपतकालिन कार्यसञ्चालन केन्द्र (PEOC) को निर्माण कार्य सुचारु,
- प्रदेश स्तरीय विपद् व्यवस्थापन तथा क्षमता अभिवृद्धी र अभिमुखीकरण तालिम डडेल्धुरा जिल्लामा सञ्चालन,
- रु. १.५ करोडको प्रदेश विपद् राहत कोष स्थापना,
- जिल्ला प्रशासन कार्यालय बझाङ्गको विपद् कोषमा रु. २० लाख र बाँकी जिल्ला प्रशासनको विपद् कोषमा १०/१० लाख गरी जम्मा रु. १ करोड निकासा,
- रु. ५० लाखको विपद् हवाई उद्धार राहत कोषको स्थापना, दुर्घटनामा परेका ५ जना व्यक्तीहरुलाई डडेल्धुराबाट कोहलपुरसम्म हवाई उद्धारका साथै काठमाण्डौंबाट धनगढीसम्म पि.सि.आर. मेसिन तथा डाक्टरको टिमलाई ल्याएको,
- विपद् सामाग्री खरिदको लागि ९ वटै जिल्ला प्रशासनहरुलाई जम्मा रु. ८४ लाख अख्तियारी प्रदान,
- प्रदेश विपद् व्यवस्थापन योजना तयार भएको,
- विभिन्न जिल्लाहरुमा १०२ टेण्ट/पाल वितरण,

**घ) सञ्चार :**

- एफ.एम., केवल र टेलिभिजन प्रशारण अनुमति र नवीकरण सम्बन्धी नीति, कानून तर्जुमा र अध्ययन तथा कार्यक्रम ९ वटै जिल्लामा सञ्चालन,
- धनगढीमा प्रदेश पत्रकार महासंघको भवन निर्माण,

- जिल्ला पत्रकार महासंघ बाजुराको भवन निर्माण कार्यको लागि भवन डिभिजन कार्यालय डोटीलाई रु. ३० लाख अख्तियारी प्रदान,
- जिल्ला पत्रकार महासंघ बैतडीको भवन निर्माण कार्यको लागि भवन डिभिजन कार्यालय बैतडीलाई रु. २७ लाख अख्तियारी प्रदान ।

**आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरणः-**

| | | | | |
|---|---|---|---|---|
| | | | | **रकम (रु. हजारमा)** |
| **क्र.स.** | **शीर्षक** | **विनियोजन** | **खर्च** | **खर्च प्रतिशत** |
| १ | चालु | १२१२२५ | ९५४३७ | ७८.७२ |
| २ | पुँजीगत | १५००१८ | ५७३२० | ३८.२० |
| | जम्मा | २७१२४३ | १५२७५७ | ५६.३१ |

**३. लक्ष्य अनुसार उपलब्धि हासिल हुन नसक्नुको कारणहरुः-**

- मन्त्रालय मातहत प्रादेशिक इकाई तथा कार्यालयहरु नहुँदा कार्यक्रम कार्यान्वयन गर्न कठिनाई भएको,
- कार्यक्रम संशोधन, बजेट अख्तियारी तथा बहुवर्षीय ठेक्का वन्दोवस्तको सहमति दिने वर्तमान प्रावधान लामो रहेकोले ढिलाई हुने गरेको,
- प्रदेश प्रहरीलाई अख्तियारी दिँदा गृह मन्त्रालयको अनुमति लिनुपर्ने भएकोले ढिलाई हुने गरेको,
- कर्मचारीको संख्या न्यून हुनुका साथै दक्ष अनुभवी कर्मचारीको अभाव,
- कोभिड-१९ को कारणले लक्ष्य अनुसार कार्यक्रमहरु सञ्चालन गर्न नसकिएको ।

**४. अन्यः-**

सुदूरपश्चिम प्रदेश कोरोना भाईरस (COVID-१९) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष, २०७६ मा भएको आम्दानी र खर्चको विवरणः-

| | | |
|---|---|---|
| | | रकम (रु. हजारमा) |
| **आम्दानी** | **खर्च** | **बचत** |
| रु. ४३९५१० | रु. ४२८८३५ | रु. १०६७५ |

## ३.३ आर्थिक मामिला मन्त्रालय

**१. यस मन्त्रालयबाट हालसम्म तर्जुमा भएका नीति तथा कानूनी दस्तावेजहरुः**

**क) ऐनहरु**

- सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४
- सुदूरपश्चिम प्रदेश आकस्मिक कोष ऐन, २०७५,
- वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५,
- कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५,
- सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५,
- सालवसाली आर्थिक ऐन (प्रत्येक वर्ष निरन्तर),
- सालवसाली विनियोजन ऐन (प्रत्येक वर्ष निरन्तर)

**ख) नियमावलीहरु**

- प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६,
- सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष नियमावली, २०७६,
- प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८

**ग) कार्यविधि/निर्देशिका/मापदण्ड**

- प्रदेश संचित कोष सञ्चालन कार्यविधि, २०७४
- प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७४
- प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७४
- सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको कार्यकारी निर्देशक नियुक्तिको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७७
- उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६
- सुदूरपश्चिम प्रदेश पुनरकर्जा सम्बन्धी कार्यविधि, २०७७
- कोरोना भाइरस रोग जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष निर्देशिका,२०७६
- बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७५
- सुदूरपश्चिम प्रदेश कोरोना भाइरस लकडाउन राहत मापदण्ड, २०७६
- प्रदेश आयोजना छनौट सम्बन्धी मापदण्ड-२०७६

**२. आर्थिक वर्ष २०७६/७७ मा सम्पादित प्रमुख कार्यक्रमहरुको प्रगति तथा उपलब्धिः-**

- सुदुरपश्चिम प्रदेश वित्तीय सम्मेलन सम्पन्न भएको ।
- PLMBIS सम्बन्धी तालिम सञ्चालन गरिएको ।
- बजेटको चौमासिक, मध्यावधिक तथा वार्षिक समीक्षा भएको ।
- अछाम जिल्लामा पूर्व बजेट छलफल कार्यक्रम सम्पन्न भएको ।
- मध्यमकालीन खर्च संरचना तयार गरेको ।
- Province Profile तयारी र Multi-Indicator Baseline Survey कार्यको लागि सूचना प्रकाशन गरिएको ।
- वित्तीय सारक्षता पुस्तिका प्रकाशन गरिएको ।
- सुदूरपश्चिम स्वरोजगार विकास कोष नियमावली, २०७६ तर्जुमा गरिएको ।
- स्वरोजगार विकास कोषको कार्यकारी निर्देशकको छनौट तथा सिफारिसको लागि कार्यविधि तयार गरी दरखास्त आव्हानको लागि सूचना प्रकाशन गरिएको ।
- स्थानीय तहहरुमा राजस्व अनुगमन सम्बन्धी कार्य भएको ।

**३. कार्यक्रम कार्यान्वयनका समस्या तथा चुनौतीहरु :-**

- मन्त्रालयमा कुल दरवन्दीको तुलनामा अत्यन्तै कम संख्यामा कर्मचारी पदपूर्तिको अवस्था हुनु,
- शाखा अधिकृत वा सो सरहका र उपसचिवस्तरका कर्मचारीहरुको अभाव रहनु,
- कर्मचारीहरुलाई गुणस्तरीय तालिम तथा प्रशिक्षणको अभाव रहनु,
- प्रदेश प्रोफायल तयारी, Baseline Multi-indicator Survey जस्ता कार्यक्रमहरु शुरु गरिए तापनि सार्वजनिक खरिद कानूनको प्रक्रिया र व्यवस्थाले गर्दा सम्पन्न हुन नसक्नु,
- विषयगत मन्त्रालय तथा निकायहरुसँग प्रभावकारी समन्वयको कमी रहनु,
- आर्थिक वर्ष २०७६/७७ को दोस्रो चौमासिकको अन्यत्यतिर शुरु भएको कोभिड-१९ ले गर्दा कार्यक्रम कार्यान्वयनमा प्रभाव पर्नु,
- मन्त्रालयको भौतिक संरचना पर्याप्त नहुनु,
- न्यून जनशक्तिले धेरै काम गर्नुपर्ने अवस्था र कर्मचारीहरुमा उत्प्रेरणाको कमी रहनु,
- कार्यक्रमहरुको अनुगमन/मूल्याङ्कनले प्राथमिकता नपाउनु ।

**४. चालु आर्थिक वर्ष २०७७/७८ को फाल्गुन मसान्तसम्ममा सम्पादित प्रमुख कार्यक्रमहरुको प्रगति तथा उपलब्धिः-**

- प्रदेश स्वरोजगार विकास कोषको कार्यकारी निर्देशकको नियुक्तिका लागि उम्मेदवार सिफारिस गरिएको।
- प्रदेश स्वरोजगार विकास कोषको कार्यालय स्थापना भई सञ्चालनमा रहेको ।
- कर्मचारी कोरोना वीमा कार्यक्रम सञ्चालन भई हालसम्म ४० जनाभन्दा बढी कर्मचारीहरुको वीमा दाबी भुक्तानीका लागि सिफारिस गरिएको ।
- साना तथा मझौला व्यवसाय पुनरकर्जा कार्यक्रम सञ्चालनका लागि कार्यविधि तयार भएको ।
- Economic Dash Board निर्माण कार्य अन्तिम चरणमा रहेको ।

- दीगो विकास लक्ष्यको स्थानीयकरण कार्यका लागि **सुदूरपश्चिम प्रदेश दीगो विकास लक्ष्यहरुः सुदूरपश्चिम प्रदेशको आधार तथ्याङ्क प्रतिवेदन** प्रकाशन भएको ।
- प्रदेश नीति तथा योजना आयोग सञ्चालन तथा व्यवस्थापनका लागि रु. ५ करोड आयोगलाई रकमान्तर गरिएको ।
- बाजुरा, अछाम, डोटी, कैलाली र कञ्चनपुरमा PLMBIS तालिम सञ्चालन गरिएको ।
- बाजुरा, अछाम, डोटी र कञ्चनपुरमा स्थानीय तहको योजना एवम् बजेट तर्जुमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको ।
- अछाम, डोटी, बैतडी, डडेल्धुरा र कञ्चनपुरमा निर्माणाधीन प्रमुख सडक आयोजनाहरुको अनुगमन गरिएको ।
- स्थानीय तहहरुको राजस्व संकलन तथा परिचालन सम्बन्धी अनुगमन गरिएको ।

## ५. प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा समस्या तथा चुनौतीहरुः

- बजेट विनियोजन दक्षता कमजोर हुनु,
- बजेट कार्यान्वयन मार्गदर्शनको पूर्ण परिपालना नहुनु,
- स्वीकृत वार्षिक कार्यक्रम बाहिरका कार्यक्रममा समेत बजेट माग हुनु,
- पर्याप्त मनाशिव कारण, औचित्य, कार्यक्रम/आयोजनाको प्रगति, बजेटनबिना कार्यक्रम संशोधन तथा रकमान्तरको लागि माग हुनु,
- बहुवर्षीय आयोजनाहरुको लागि विद्यमान कानून, निर्देशिका, स्रोत सुनिश्चितता, आयोजनाको प्रगति, आयोजनाको प्रकृति, आवश्यकता र मापदण्डको विचार नगरी स्वीकृतिको लागि आउने गरेको,
- संघीय सशर्त अनुदान कार्यान्वयनमा समस्या
- समपूरक र विशेष अनुदानका कार्यक्रमहरुको कार्यान्वयनको प्रभावकारी अनुगमन र प्रतिवेदन कार्य हुन नसकेको,
- कार्यक्रम कार्यान्वयन, अनुगमन तथा नियमित सूचना/प्रतिवेदनका लागि प्राविधिक र अप्राविधिक लगायतका जनशक्तिको अपर्याप्तता रहनु,
- वार्षिक विकास कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन, समीक्षा र सुझावको कार्यान्वयन प्राथमिकतामा नपर्नु,
- संघ र स्थानीय तहसँग प्रभावकारी समन्वय हुन नसक्नु,
- कार्यालय प्रमुख तथा प्रदेश सचिवहरुको सरुवा पूर्वानुमानयोग्य नहुनु ।

## ३.४ भौतिक पूर्वाधार विकास मन्त्रालय

**१. ऐन/नियम/कार्यविधि -:**

- प्रदेश लोकमार्ग ऐन, २०७५
- सुदूरपश्चिम जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५
- इन्जीनियरिङ सेवाका प्राविधिक कर्मचारी करारमा भर्ना गर्ने सम्बन्धी कार्यविधी, २०७७

**२. भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहने निकायहरुः-**

- यातायात पूर्वाधार निर्देशनालय, डोटी
- पूर्वाधार विकास कार्यालयहरु-६ (कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, अछाम, बझाङ्ग)
- सहरी विकास तथा भवन कार्यालयहरु-३

  अ. सहरी विकास तथा भवन कार्यालय, डोटी (कार्यक्षेत्रः-डोटी, डडेल्धुरा, अछाम र बाजुरा)

  आ. सहरी विकास तथा भवन कार्यालय, बैतडी (कार्यक्षेत्रः-बैतडी, बझाङ्ग र दार्चुला)

  इ. सहरी विकास तथा भवन कार्यालय, कैलाली (कार्यक्षेत्रः-कैलाली, कञ्चनपुर)
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु-४

  अ. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बैतडी (कार्यक्षेत्रः बैतडी, दार्चुला)

  आ. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कैलाली (कार्यक्षेत्रः कैलाली, कञ्चनपुर)

  इ. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डोटी (कार्यक्षेत्रः डोटी, अछाम, बाजुरा)

  ई. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डडेल्धुरा (कार्यक्षेत्रः डडेल्धुरा, बझाङ्ग)
- यातायात व्यवस्था कार्यालयहरु-२ (कैलाली, कञ्चनपुर)
- यातायात व्यवस्था सेवा कार्यालयहरु-२ (डडेल्धुरा, डोटी)
- जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालयहरु-८ (अछाम, बैतडी, बझाङ्ग, डडेल्धुरा, दार्चुला, डोटी, कैलाली, कञ्चनपुर)
- जलस्रोत तथा सिँचाई विकास सब-डिभिजन कार्यालयहरु-१ (बाजुरा)
- भूमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु-१ (कैलाली)
- पथरैया मोहना सिँचाई व्यवस्थापन कार्यालय, कैलाली

**३. भौतिक पूर्वाधार विकास मन्त्रालयको क्षेत्रगत प्रगति विवरण :**

**(क) सडक, पुल, सिँचाई, खानेपानी, तटवन्ध, आवास, उर्जा, यातायात क्षेत्र**

- भूमिगत सिँचाई र सतह सिँचाईतर्फ २६० वटा आयोजनाहरु अन्तर्गत पक्की कुलो १८० कि.मी., कच्ची कुलो १०० कि.मी. र १४ वटा डिप ट्युबेल निर्माण भई ९८९० हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ । हरेक जिल्लामा कम्तीमा दुईवटा नमूना लिफ्ट सिँचाई आयोजनाको लागि अध्ययन एवम् नक्साङ्कन कार्य भई कार्यान्वयनमा आएका छन् । साथै गत आर्थिक वर्षदेखि क्रमागतरुपमा सञ्चालन भई चालु आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न हुने आयोजनाहरुबाट थप ५,७०० हेक्टर

जमिनमा सिंचाई सुविधा उपलब्ध हुनेछ भने वहुबर्षीय ठेक्का भएका र आगामी आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न हुने क्रमागत आयोजनाहरुबाट समेत थप ६,००० हेक्टर जमिनमा सिंचाई सुविधा वृद्धि हुनेछ।

- **नौगाड जलविद्युत आयोजना, दार्चुला (६.९७ मे.वा.)** को प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन सहित विस्तृत सम्भाव्यता अध्ययन को कार्य भइरहेको छ । साथै आगामी आर्थिक वर्ष २०७८/७९ देखि स्रोत सुनिश्चितता गरी कार्यान्वयनको प्रक्रिया समेत थालिनेछ ।
- **सुर्नयागाड जलबिद्युत आयोजना, बैतडी (७.७५ मे.वा.)** को प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन सहित विस्तृत सम्भाव्यता अध्ययनको कार्य भइरहेको छ । साथै आगामी आर्थिक वर्ष २०७८/७९ देखि स्रोत सुनिश्चितता गरी कार्यान्वयनको प्रक्रिया समेत थालिनेछ ।
- **अपर सुर्नयागाड जलबिद्युत आयोजना, बैतडी (७.७१ मे.वा.)** को प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन सहित विस्तृत सम्भाव्यता अध्ययनको कार्यको लागि परामर्शदाता छनौटको लागि मूल्याङ्कनको कार्य भइरहेको छ । साथै, आगामी आर्थिक वर्ष २०७८/७९ देखि स्रोत सुनिश्चितता गरी कार्यान्वयनको प्रक्रिया समेत थालिनेछ ।
- प्रदेश खानेपानी गुरुयोजना, प्रदेश सिंचाई गुरुयोजना, प्रदेश सरसफाई गुरुयोजना तयार गर्नको लागि अध्ययनको कार्यको लागि प्रक्रिया शुरू भएको छ।
- प्रदेश राजधानी तोकिएको क्षेत्र (गोदावरी पुल देखि ५ कि.मी. तल्लो तटीय क्षेत्र) मा नदी नियन्त्रण कार्यको लागि विस्तृत सम्भाव्यता अध्ययन भइरहेको छ ।
- नदी नियन्त्रण, तटबन्ध र पहिरो नियन्त्रणतर्फ कुल जम्मा ४८ कि.मी. लम्बाइमा संरक्षण काम (प्रोटेक्सन) को कार्य भएको छ र जसमा २२९ हेक्टर जमिनको उकास र जमिनको कटान रोक्ने काम भएको छ। साथै गत आर्थिक वर्षदेखि क्रमागत रुपमा सञ्चालन भई चालु आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न हुने आयोजनाहरुबाट थप ८५ कि.मी. लम्बाइमा संरक्षणको काम (प्रोटेक्सन) हुनेछ र ४०५ हेक्टर जमिनको उकास र जमिनको कटान रोक्ने काम सम्पन्न भएको हुनेछ भने आगामी आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न हुने क्रमागत आयोजनाहरुबाट समेत थप १०० कि.मी. लम्बाइमा संरक्षणको काम (प्रोटेक्सन) हुनेछ र ४७७ हेक्टर जमिनको उकास र जमिनको कटान रोक्ने काम भएको सम्पन्न गरिनेछ।
- कैलाली र कञ्चनपुरका विभिन्न नदीहरु. जस्तै :- कान्द्रा, कटैनी, बनरा, शिबगंगा, चौधर नदी नियन्त्रण कार्यको काम प्रारम्भ गरिएको छ ।
- **खानेपानी तथा सरसफाई**तर्फ १९६ वटा आयोजनाहरु सम्पन्न भई ४०,००० जना लाभान्वित भएका छन् भने २५४ वटा आयोजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन् । साथै, गत आर्थिक वर्षदेखि क्रमागतरुपमा सञ्चालन भई चालु आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न हुने आयोजनाहरुबाट थप २०,००० जनसंख्यालाई खानेपानी तथा सरसफाईको सेवा उपलब्ध हुनेछ भने बहुवर्षीय ठेक्का भएका र आगामी आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न हुने क्रमागत आयोजनाहरुबाट समेत थप १५,००० जनसंख्यालाई खानेपानी तथा सरसफाईको सेवा उपलब्ध भएको हुनेछ ।

- **यातायात पूर्वाधार**तर्फ १२८ कि.मी. पक्की सडक, ३२२ कि.मी. खण्डास्मित (ग्रावेल सडक) र ७०८ कि.मी. माटे सडक निर्माण भएको छ । दश (१०) वटा सडक पुल र १८ वटा झोलुङ्गे पुल निर्माण भएका छन् । साथै, गत आर्थिक वर्ष २०७६/७७ देखि क्रमागतरुपमा सञ्चालन भई चालु आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न हुने आयोजनाहरुबाट २०७.८ कि.मी. पक्की सडक, ५९ कि.मी. खण्डास्मित (ग्रावेल सडक), २१५ कि.मी. माटे सडक निर्माण सम्पन्न हुनेछ र ५ वटा सडक पुल र ६ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न हुनेछ भने बहुवर्षीय ठेक्का भएका र आगामी आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न हुने क्रमागत आयोजनाहरुबाट समेत थप १६०.४१ कि.मी. पक्की सडक, ४८.५ कि.मी. खण्डास्मित (ग्रावेल सडक), २२८ कि.मी. माटे सडक निर्माण सम्पन्न हुनेछ र १४ वटा सडक पुल र ८ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न हुनेछ ।
- **जनता आवास कार्यक्रम** अन्तर्गत लक्षित वर्गका जनताको लागि जम्मा १७४६ वटा निजी आवास भवन निर्माण सम्पन्न भई विपन्न जनतालाई हस्तान्तरण भएका छन् । ५७ वटा सामुदायिक/सरकारी भवन निर्माण भएका छन । साथै गत आर्थिक वर्ष देखि क्रमागतरुपमा सञ्चालित १००० वटा निजी आवासहरु चालु आर्थिक वर्ष २०७७/७८ मा निर्माण सम्पन्न भई विपन्न जनतालाई हस्तान्तरण हुनेछन् भने क्रमागतरुपमा सञ्चालित १२५४ वटा निजी आवासहरु आगामी आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न भई विपन्न जनतालाई हस्तान्तरण हुनेछन् । त्यसैगरी सामुदायिक/सरकारी भवनतर्फ चालु आर्थिक वर्ष २०७७/७८ मा ४५ वटा र आगामी आर्थिक वर्ष २०७८/७९ मा ३५ वटा सामुदायिक/सरकारी भवनहरु निर्माण सम्पन्न हुनेछन्।
- चालु आर्थिक वर्ष २०७७/७८ देखि शुरु गरिएको **'ब्याँस गाउँपालिका विशेष कार्यक्रम'** अन्तर्गत तिंकरमा साना जलविद्युत आयोजनाहरुको मर्मत-सम्भार र छाङरूमा वडा कार्यालय भवन निर्माण र घोडेटो बाटो निर्माण सम्बन्धी कार्यको प्रक्रिया शुरु गरिएको छ ।
- **वैकल्पिक उर्जाको विकास र प्रवर्द्धन**को लागि ३ वटा परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ भने १ परियोजनाको पूर्व सम्भाव्यता अध्ययन गरिएको छ । त्यस्तै चालु आर्थिक वर्षमा डोटीको बोक्टान गाउँपालिका, बैतडीको डिलासैनी गाउँपालिका र बझाङ्गको जयपृथ्वी नगरपालिकामा सोलार मिनिग्रिड विस्तार गरिनेछ ।
- **प्रदेश बस सेवा निगम** गठन तथा सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिएको छ । हाल यातायात व्यवस्था कार्यालय कैलाली र कञ्चनपुरबाट सवारी अनुमतिपत्र वितरण भइरहेकोमा डोटी र डडेल्धुराबाट पनि सवारी अनुमति पत्र वितरण गर्न ट्रायल सेन्टरको संरचना निर्माण गरिएको छ ।
- प्रत्येक जिल्लामा एउटा पर्ने गरी ९ वटा महत्त्वपूर्ण सडक योजनालाई **प्रादेशिक गौरवका योजना**को रुपमा छनौट गरी निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ कार्य अगाडि बढाएको छ । प्रादेशिक गौरवका योजनाहरुको विवरण निम्नानुसार रहेको छ ।

## प्रादेशिक गौरवका योजनाहरु

| सि.नं. | जिल्ला | योजनाको नाम | विद्यमान अवस्था |
|---|---|---|---|
| १ | बाजुरा | खप्तड-मार्तडी सडक (सिङ्गडा-काँडा जय बागेश्वरी गैरीखांद डोगडी आटीचौर-मार्तडी) | २४ कि.मी. अध्ययन भएको, १५ कि.मी. (Upgrading) मा ठेक्काका लागि कार्यान्वयनमा रहेको। |
| २ | बैतडी | सदबाज-श्रीभावर-हाट-दार्चुला सडक | ७० कि.मी. अध्ययन भएको, १५ कि.मी. ठेक्का भई कालोपत्रे सडकको अन्तिम चरणमा रहेको । |
| ३ | अछाम | चिसापानी-ऋषिदह बडिमालिका सडक (चिसापानी-जंगलघाट-तुर्माखाद-गैरीटाड-कालीगाउँ दर्ना माझेठाना-जयगढ-नन्देगडा-मेल्लेक-सोडसा-ऋषिदह-बडिमालिका) | ४८ कि.मी. अध्ययन भएको, २४ कि.मी. ठेक्काका लागि कार्यान्वयनमा रहेको। |
| ४ | डडेल्धुरा | दैजी-पोखरा-ढुङ्गाड-बझाङ्ग सडक (दैजी-जोगबुडा-चिरकिट्टे-घटाल-पोखरा-बेलापुर-ढुङ्गाड-बझाङ्ग) | पोखरा -बेलापुर सडक खण्ड -१० कि.मी.,गाईबादे लिप्ना सडक खण्ड-१२ कि.मी.,सलोन-चिर्किट्टे सडकम खण्ड-६ कि.मी. र जोगबुढा —लिप्ना सडक खण्ड -५ कि.मी. गरी जम्मा ३३ कि.मी. सडक निर्माण भइरहेको। |
| ५ | दार्चुला | देउथा-खार खलङ्गा-खण्डेश्वरी सडक (देथला-खार खलङ्गा बलाच-बिटुले-लटिनाथ-पारिबगर-खन्टेश्वरी) | विस्तृत इन्जिनियरिंग अध्ययन भएको जम्मा ६० कि.मी. सडक मध्ये ६ कि.मी. पक्की सडक निर्माण भएको र १८ कि.मी. सडकको निर्माण कार्य भइरहेको। |
| ६ | बझाङ्ग | दिपायल-साइपाल सडक (सिलगढी-पातिहाल्ले-सानुखोला-थलाराखोली विप्रा-कुचेखोला-जडार-पानकोट-तपोवन तल्कोट- धलौनकाकरकोट-साइपाल हिमाल बेसी साइढुङ्गा हुँदै हुम्ला जिल्लाको सीमाना रानी खर्क नाम्या गाउँपालिका) | विस्तृत इन्जिनियरिंग अध्ययन भएको २५ कि.मी. अध्ययन भएको र १४ कि.मी. सडकको निर्माण कार्य चलिरहेको । |
| ७ | डोटी | सहजपुर-बोक्टान-दिपायल सडक | छिडिखान-अकरकाडाँ खण्डको १२ कि.मी. र रानागाउँ-वायल सडक खण्ड -१० कि.मी. गरी जम्मा २२ कि.मी. सडक निर्माण कार्य चलिरहेको । |
| ८ | कञ्चनपुर | बेलौरी-कलुवापुर-नाइल-बुडर सडक | ४३ कि.मी. मध्ये ३८ कि.मी. DPR बनेको र ९.१ कि.मी. सडक निर्माण कार्य चलिरहेको । |
| ९ | कैलाली | भजनी-छोटी भन्सार खेमडी ठुलीगाड सडक (भजनी-छोटी भन्सार लालबोझी भजनी जोशीपुर फल्ले-बिसौना सल्लेरी राक्सा कोल्तडी खिमडी ठुलीगाड) | ३८ कि.मी. DPR भएको र ३ कि.मी. सडक निर्माण कार्य भइरहेको। |

## सारांश

| सि. नं. | पूर्वाधार उपक्षेत्र | इकाई | आ.व. २०७४/७५ देखि आ.व. २०७६/७७ सम्मको उपलब्धि | आ.व. २०७७/७८ को लक्ष्य | आ.व. २०७८/७९ को लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **सिंचाईतर्फ** | | | | | |
| १.१ | सतह सिंचाई आयोजनाहरू बाट सिंचित क्षेत्रफल विस्तार | हेक्टर | ९८९० | ५७०० | ६००० | |
| १.२ | भूमिगत सिंचाई आयोजनाहरूबाट सिंचित क्षेत्रफल विस्तार | हेक्टर | | | | |
| १.३ | नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाहरूबाट सिंचित क्षेत्रफल विस्तार | हेक्टर | | | | |
| १.४ | मर्मत संभारबाट हुने सिंचित क्षेत्रफल | हेक्टर | | | | |
| १.५ | पक्की कुलो निर्माण | कि.मी. | १८० | ६५ | ५४ | |
| १.६ | कच्ची कुलो निर्माण | कि.मी. | १०० | ३५ | २५ | |
| १.७ | डिप ट्युवेल निर्माण | संख्या | १४ | २३ | २२ | |
| २ | **नदी नियन्त्रण/पहिरो नियन्त्रण/तटबन्ध निर्माणतर्फ** | | | | | |
| २.१ | तटबन्ध निर्माण | कि.मी | ४८ | ८५ | १०० | |
| २.२ | जमिनको उकास (Reclaim) | हेक्टर | २२९ | ४०५ | ४७७ | |
| ३ | **यातायात पूर्वाधार (सडक, सडक पुल,झो.पु.)** | | | | | |
| ३.१ | कालोपत्रे सडक | कि.मी. | १२८ | २०७.६ | १६०.४१ | |
| ३.२ | खण्डास्मित (ग्रावेल सडक) | कि.मी. | ३२२ | ५९ | ४८.५ | |
| ३.३ | माटेसडक | कि.मी. | ७०८ | २१५ | २२८ | |
| ३.४ | सडकपूलनिर्माण | संख्या | १० | ५ | १४ | |
| ३.५ | झोलुङ्गेपुलनिर्माण | संख्या | १८ | ६ | ८ | |
| ४ | **सहरी विकास तथा भवनतर्फ** | | | | | |
| ४.१ | सरकारी/सामुदायिक भवन निर्माण | संख्या | ५७ | ४५ | ३५ | |
| ४.२ | जनता आवास योजना अन्तर्गत निर्मित (निजी आवास) | संख्या | १७४७ | १००० | १२५४ | |
| ५ | **खानेपानी तथा सरसफाई** | | | | | |
| ५.१ | आधारभूत खानेपानी बाट लाभान्वित जनसंख्या | जना | ४०००० | २०००० | १५००० | |
| ६ | **उर्जातर्फ** | | | | | |
| ६.१ | जलविद्युत उत्पादन क्षमता | मे.वा. | प्रारम्भिक अध्ययन गरिएको | विस्तृत आयोजना प्रतिवेदन तयारि (DPR तयारी) | २२.४३ मे.वा.उत्पादन क्षमता को लागि कार्यान्वयन प्रकृया अघि बढाइने | (सुर्नया, नौगाड र अपर सुर्नया गरी तीन वटा) |
| ६.२ | सौर्य उर्जा मिनिग्रिड प्रणाली स्थापना | संख्या | ३ | ३ | ३ | |

## ३.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

**१. आर्थिक वर्ष २०७६/७७ मा जारी भएका ऐन, नीति, नियम, कार्यविधि, गठन आदेश, निर्देशिका र मापदण्डहरुको विवरण**

**क) ऐन**

- निजी व्यवसाय दर्ता ऐन, २०७६
- साझेदारी व्यवसाय दर्ता ऐन, २०७६

**ख) गठन आदेश**

- रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७६

**ग) निर्देशिका**

- सुदूरपश्चिम प्रदेशस्तरीय संयुक्त बजार अनुगमन निर्देशिका, २०७६

**२. आर्थिक वर्ष २०७६/७७ मा सम्पादित प्रमुख कार्यक्रमहरु कार्यक्रमको लक्ष्य र कार्यक्रमबाट प्राप्त उपलब्धि**

**क) सम्पादित प्रमुख कार्यक्रमहरु**

- प्रदेश सरकारतर्फका स्वीकृत कार्यक्रमहरु
- संघीय सशर्त अनुदानतर्फका स्वीकृत कार्यक्रमहरु

**ख) कार्यक्रम कार्यान्वयनका मुख्य-मुख्य विषय क्षेत्रहरु**

- वन, वातावरण तथा भू-संरक्षण
- उद्योग तथा वाणिज्य
- पर्यटन

**ग) क्षेत्रगतरुपमा भएका मुख्य-मुख्य उपलब्धिहरु**

**अ) वन, वातावरण तथा भू-संरक्षण**

| सि.नं. | कामको विवरण | इकाई | परिमाण | कैपियत |
|---|---|---|---|---|
| १ | विरुवा उत्पादन | गोटा | २४,१५,२८२ | |
| २ | वृक्षारोपण | हेक्टर | २७८ | |
| ३ | वन अतिक्रमण नियन्त्रण | हेक्टर | ७४ | |
| ४ | वन तथा वन्यजन्तु अपराध सम्बन्धी मुद्धा दायरी | गोटा | ८५ | |
| ५ | वैज्ञानिक वन व्यवस्थापन | हेक्टर | ३८८६७ | |
| ६ | सामुदायिक वन गठन तथा हस्तान्तरण | गोटा | २५ | |
| ७ | सामुदायिक वनको कार्ययोजना नविकरण | गोटा | २२१ | |
| ८ | सिमसार क्षेत्रको व्यवस्थापन | गोटा | २८ | |
| ९ | सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन | गोटा | ८ | |
| १० | जडिबुटि प्रषोधन केन्द्र स्थापना | गोटा | ९ | |
| ११ | पहिरो नियन्त्रण | गोटा | ८५ | |

| सि.नं. | कामको विवरण | इकाई | परिमाण | कैपियत |
|---|---|---|---|---|
| १२ | नदी किनार संरक्षण | गोटा | ८४ | |
| १३ | संरक्षण पोखरी निर्माण | गोटा | २५ | |
| १४ | पानी मुहान संरक्षण | गोटा | ४४ | |
| १५ | गल्छि नियन्त्रण | गोटा | ७० | |
| १६ | सिंचाई कुलो निर्माण | गोटा | २६ | |

**वन पैदावार उत्पादन तथा निकासीको विवरण**

- काठ उत्पादन ५,६६,२२० क्यूविक फिट
- दाउरा उत्पादन ९५९ चट्टा
- जडिबुटि १०,०४,८४४ के.जी.

**आ) पर्यटन क्षेत्रतर्फ**

| सि.नं. | विवरण | सम्पन्न भएका योजना (संख्या) |
|---|---|---|
| १ | मठ मन्दिर निर्माण तथा मर्मत | १४७ |
| २ | गुम्बा निर्माण | ७ |
| ३ | गुफा निर्माण | १ |
| ४ | चर्च निर्माण | २ |
| ५ | पदमार्ग निर्माण | ६ |
| ६ | पिकनिक स्पट निर्माण | १ |
| ७ | सूचना केन्द्र निर्माण | १ (टिकापुर) |
| **सम्पन्न भएका जम्मा योजना संख्या** | | **१६५ वटा** |

**इ) उद्योग तथा वाणिज्य क्षेत्रतर्फ**

**उद्यमीहरुलाई वितरण गरिएको उपकरणको विवरण**

| सि.नं. | उपकरणको किसिम | जम्मा लाभान्वित घरधुरी संख्या |
|---|---|---|
| १ | मौरीघार वितरण | २२ |
| २ | सिलाई मेसिन वितरण | ५३ |
| ३ | आरन सेट वितरण | १० |
| ४ | डि फ्रिज वितरण | ११ |
| ५ | होजियारी मेशिन वितरण | ५ |
| ६ | डिजिटल तराजु वितरण | १६ |
| ७ | हाते ट्र्याक्टर वितरण | ४ |
| ८ | पिसानी मिल वितरण | २ |
| **कुल जम्मा** | | **१२३** |

## उद्योग दर्ताको विवरण

| सि.नं. | उद्योगको किसिम | दर्ता संख्या |
|---|---|---|
| १ | उत्पादनमूलक | ३५० |
| २ | कृषिजन्य | २३७३ |
| ३ | पर्यटनमा | १०३ |
| ४ | सेवामूलक | १३०९ |
| ५ | निर्माण सम्बन्धी | ६२ |
| कुल जम्मा | | ४१९७ |

## सम्पन्न गरिएका उद्यमशिलता अभिवृद्धि तालिमहरुको विवरण

| सि.नं. | तालिमको नाम | जम्मा संख्या |
|---|---|---|
| १ | उद्यमशिलता विकास तालिम | ७५९ |
| २ | सिलाई कटाई तालिम | २०४ |
| ३ | हाते होजियारी तालिम | ८२ |
| ४ | अल्लो बुनाई तालिम | २२ |
| ५ | मौरी पालन तालिम | २२ |
| ६ | हाउस वाईरिङ | १८ |
| ७ | बांस निगालो सामाग्री बनाउने | २१ |
| ८ | हर्बल साबुन तालिम | १२ |
| ९ | आरन तालिम | २७ |
| १० | अचार बनाउने | ४३ |
| कुल जम्मा | | १२१० |

**ई) राजस्व आम्दानीको विवरण**

- वन पैदावार विक्रिबाट रु. १०४९६९ हजार
- उद्योग दर्ता नवीकरण तथा अन्यबाट रु. ४३०४८ हजार

**३. आर्थिक वर्ष २०७६/७७ को वित्तीय अवस्था :** विनियोजन खर्च तथा खर्च प्रतिशत

## वार्षिक बजेट तथा खर्चको विवरण

| विनियोजित बजेट (रु. हजारमा) | | | खर्च (रु. हजारमा) | | |
|---|---|---|---|---|---|
| चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| रु. १७४२९९१ | रु. ६२५६९३ | रु. २३६८६८४ | रु. ६६४८३८ | रु. ४१४००८ | रु. १०७८८४६ |

- औसत वित्तीय प्रगति प्रतिशत : ४५.५४%
- चालुतर्फ : ३८.१४ %
- पुँजीगततर्फ : ६६.१६%

**क्षेत्रगतरुपमा वार्षिक बजेट खर्चको अवस्था**

| सि.नं. | आयोजना क्षेत्र | विनियोजित बजेट (रु. हजारमा) | जम्मा खर्च (रु. हजारमा) | प्रतिशत खर्च |
|---|---|---|---|---|
| **क** | **प्रदेशतर्फ** | | | |
| १ | वन तथा भू-संरक्षणतर्फ | ९१,७७५२ | ६३,७६८९ | ६९.४८ |
| २ | पर्यटनतर्फ | ४३,७६०१ | १३,४५८८ | ३०.७५ |
| ३ | उद्योग तथा वाणिज्यतर्फ | ३१,३११० | ६,९०३१ | २२.०४ |
| **ख** | **संघ शसर्त अनुदानतर्फ** | **३६२१२३** | **१९,६६०९** | **५४.२९** |

**४. कार्यक्रमहरुबाट लक्ष्य अनुरुप उपलब्धि हासिल हुन नसक्नुका कारणहरुः**

- स्वीकृत दरबन्दीको अनुपातमा पदपूर्ति अत्यन्तै न्यून हुनु ।
- मौजुदा कर्मचारीको अनुपातमा स्वीकृत योजना संख्या अत्यधिक भएकाले सम्पूर्ण योजना कार्यान्वयन गर्न नसकिएको ।
- परियोजनाको अवधारणाको आधारमा नभई मागको आधारमा योजना छनौट गर्ने परिपाटी रहेकाले स्पष्ट उपलब्धि मापन गर्न नसकिएको ।

**५. कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरु तथा चुनौतीहरुः**

- दरबन्दी अनुसार कर्मचारीहरुको पदपूर्ति नहुनु ।
- अत्यधिक टुक्रे बजेट तथा कार्यक्रमहरुको तर्जुमा हुने गरेको । जसका कारण स्वीकृत वार्षिक नीति तथा कार्यक्रमले लक्षित गरे बमोजिम नतिजा हासिल हुन नसकेको ।
- कार्यक्रम संख्या धेरै हुँदा सीमित जनशक्तिलाई परिचालन गरी कार्यान्वयन गर्दा कामको गुणस्तर कायम गर्नमा चुनौती रहेको ।
- बजेट तथा कार्यक्रमहरु तर्जुमा हुँदा परियोजनाको मोडलमा नभई छरिएर हुने गरेको ।
- स्थानीयस्तरमा समिति गठनका बखत विवाद भई कार्यक्रम कार्यान्वयनमा बाधा पर्ने गरेको ।
- स्वीकृत कार्यक्रमको नाम, ठेगाना संशोधनका लागि अत्यधिक रुपमा अनुरोध हुने हुँदा कार्यक्रमहरु तोकिएको समयमै सम्पन्न गर्न कठिनाई हुने गरेको ।
- आर्थिक वर्षको तेस्रो चौमासिकमा थप बजेट तथा कार्यक्रमको अख्तियारी प्राप्त हुन आउने गरेकोले कार्यक्रम कार्यान्वयन तथा अनुगमन कार्यमा कठिनाई हुने गरको ।
- भौतिक पूर्वाधार विकास निर्माण गर्दा वातावरणीय पक्षलाई ध्यान नदिंदा विकासका कार्यहरुले विनाश निम्त्याउने गरेको र यस्तो विकास कार्य सञ्चालनबाट हरेक वर्ष मर्मत सम्भारका निम्ति थप बजेटको माग हुने गरेको ।

## ६. कार्यक्रम कार्यान्वयनबाट प्राप्त अनुभव तथा सिकाई :

- प्रदेश सरकारको स्वीकृत नीति तथा कार्यक्रमलाई पूर्णरुपमा पालना गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिएमा मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिने ।
- प्रदेश सरकारले सबै विषय क्षेत्रहरुको परियोजना बैंक किताब तयार नहुँदा योजना तर्जुमा कार्य व्यवस्थित हुन नसकेको ।
- प्रदेशको प्राथमिकतामा परेका आयोजनाहरुको समयमै विस्तृत परियोजना प्रतिवेदन तयार गरिएमा आयोजनाहरुको कार्यान्वयनको संघीय सरकारबाट समपूरक तथा सहलगानी मार्फत स्रोत जुटाउन सकिने सम्भावना रहेको ।
- प्रदेश सरकारका निकायहरुबाट सम्पादन हुने कार्यहरु छिटो छरितो, पारदर्शीताका साथै आर्थिक अनुशासन कायम गरी सेवामा गुणस्तरियता कायम गर्न स्वीकृत दरबन्दी अनुसारको कर्मचारीहरुको यथासम्भव छिटो पदपूर्ति अपरिहार्य छ ।

## ७. कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन चाल्नुपर्ने कदमहरु तथा आगामी बाटो

- मन्त्रालयबाट तयार गरी प्रदेश सभामा पेश भएका ऐनहरु स्वीकृत भएमा ऐनहरु कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी अघि बढ्नु पर्ने ।
- प्रदेशको भौगोलिक विशेषता, मन्त्रालयको जिम्मेवारी अनुसार सांगठनिक संरचना तयार गरी कार्यान्वयन गर्नुपर्ने ।
- प्रदेश लोकसेवा आयोगबाट छिटो भन्दा छिटो रिक्त दरबन्दिमा कर्मचारी पदपूर्ति गर्ने प्रक्रिया अघि बढाउनु पर्ने ।
- अति आवश्यक बाहेक माघ मसान्त पछि थप बजेट तथा कार्यक्रम विनियोजन गर्न नहुने ।
- कर्मचारीलाई काममा उत्प्रेरणा जगाउनका लागि कर्मचारी अभिप्रेरित कार्यक्रमहरु ल्याउनु पर्ने।

# ३.६ सामाजिक विकास मन्त्रालय

## १.१ सम्पादित मुख्य-मुख्य कार्यक्रमको प्राप्त उपलब्धिहरुः

### समग्र बजेट समीक्षा

**आर्थिक वर्ष २०७६/७७ को मन्त्रालयको खर्च विवरण**

रकम (रु. हजारमा)

| बजेट | विनियोजित | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|
| चालु जम्मा | ४२८१७१६ | २६५५७०६ | ६२.०२ |
| पुँजीगत जम्मा | १३१०९६७ | ५९७५०७ | ४५.५८ |
| कुल | ५५९२६८३ | ३२५३२१३ | ५८.१७ |

**स्रोत अनुसार बजेट र खर्च विवरण**

रकम (रु. हजारमा)

| | स्रोत | बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| संघ | शसर्त अनुदान | १२५४८५६ | ७८००२९ | ६१.५७ |
| | समपूरक अनुदान | १०८३०० | १०१८२ | |
| | विशेष अनुदान | २५०००० | १४०८६० | |
| | समानीकरण अनुदान | २९२७८० | २४२४९० | |
| | संघ जम्मा | १९०५९३६ | ११७३५६१ | |
| | प्रदेश सरकार | ३६८६७४७ | २०७९६५२ | ५६.४१ |
| **जम्मा** | | **५५९२६८३** | **३२५३२१३** | **५८.१७** |

**बजेट उपशीर्षक अनुसार आर्थिक वर्ष २०७६/७७ को मन्त्रालयको खर्च विवरण**

रकम (रु. हजारमा)

| सि.नं. | ब.उ.शि.नं. | नाम | कुल विनियोजित बजेट | जम्मा खर्च | प्रगति % |
|---|---|---|---|---|---|
| १ | ३५००५०११ | प्रदेश स्वास्थ आपूर्ति व्यवस्थापन केन्द्र | ९५०८४ | ६७२७९ | ७०.७६ |
| २ | ३५०००१२ | रोजगार सूचना केन्द्रहरु | ३३७५ | २३१० | ६८.४४ |
| ३ | ३५०००१२० | सामाजिक विकास मन्त्रालय (संघ शसर्त अनुदान) | १२५९३५६ | ७८४५२९ | ६२.३० |
| ४ | ३५००१०११ | शिक्षा विकास निर्देशनालय | १४८२५८७ | ९२०८४६ | ६२.११ |
| ५ | ३५००२०११ | प्रदेश स्वास्थ्य निर्देशनालय | ९३०७२ | ३८८९३ | ४१.७९ |
| ६ | ३५००२०१२ | स्वास्थ्य कार्यालयहरु | ७५४२२७ | ४५२५७८ | ६०.०१ |
| ७ | ३५००२०१३ | अस्पतालहरू | १०५४८६० | ६५५३९५ | ६२.१३ |
| ८ | ३५००२०१४ | आयुर्वेद स्वास्थ्य केन्द्रहरू | ५५५९९ | ४२६२९ | ७६.६७ |
| ९ | ३५००२०१५ | आयुर्वेद औषधालयहरू | २३५४३ | १३१४६ | ५५.८४ |
| १० | ३५००३०११ | शिक्षा तालिम केन्द्र | २४६८० | १५२२१ | ६१.६७ |
| ११ | ३५००३०१२ | शिक्षा तालिम उप-केन्द्रहरू | ३१३५ | ७७१ | २४.५९ |
| १२ | ३५००४०११ | व्यवसायिक तथा सीप विकास तालिम केन्द्रहरु | ६७०४७ | ३५५३८ | ५३.०० |
| १३ | ३५०००११ | सामाजिक विकास मन्त्रालय | ६०२७४४ | १८१४१७ | ३०.१० |
| १४ | ३५००६०११ | प्रदेश स्वास्थ्य तालिम केन्द्र | ४६१६७ | २६५४१ | ५७.४९ |
| १५ | ३५००७०११ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | २७२०७ | १६१२० | ५९.२५ |
| | **जम्मा** | | ५५९२६८३ | ३२५३२१३ | **५८.१७** |

## १.२ क्षेत्रगत उपलब्धिहरु

### १.२.१ शिक्षातर्फ :

- आर्थिक वर्ष २०७५/७६ मा आरम्भ भई सम्पन्न हुन नसकेका ८८ वटा २ कोठे विद्यालय भवनहरू मध्ये ८४ वटा, ८८ वटा चारकोठे विद्यालय भवनहरू मध्ये ८३ वटा, ऐश्वर्य मा.वि. भौतिक पूर्वाधार निर्माण क्रमागत २ मध्ये २ वटा, वण्डाली नि.मा.वि. पूर्वाधर विकास क्रमागत १ र ३२ वटा क्याम्पस भवनहरूको निर्माण कार्य आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न भएको।
- ९ वटा सामुदायिक प्राविधिक धारका विद्यालयहरुमा छात्रावास निर्माण (क्रमागत) मध्ये बाजुरा स्थित १ भवनको निर्माण कार्य सम्पन्न ।
- ५ वटा प्राविधिक धार सञ्चालन भएका सामुदायिक क्याम्पसहरूमा ICT ल्याव र १० वटा सामुदायिक क्याम्पसहरूमा पुस्तकालय सुदृढीकरण गरिएको ।
- शिक्षा विकास कार्यक्रम (विशेष अनुदान) अन्तर्गत ४४ वटा सामुदायिक विद्यालयहरुमा ICT ल्याव स्थापना भएको ।
- १५ वटा परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरुको सुदृढीकरण र विशेष आवश्यकता भएका बालबालिकाहरुको शिक्षामा पहुँच वृद्धि गर्न विशेष शिक्षा सञ्चालित ३० वटा विद्यालयहरुलाई प्रोत्साहन अनुदान निकासा गरिएको ।
- चालु आर्थिक वर्षमा निर्माण प्रारम्भ भएका ६४ वटा २ कोठे भवन मध्ये ७ वटा, ६४ वटा ४ कोठे भवन मध्ये ३ वटा, ५० वटा घेरबार मध्ये ४८ वटा सम्पन्न भएका ।
- ३५०८ जना विद्यालय सहयोगी, र २३४ जना वाल विकास शिक्षकहरुले प्रदेश सरकारबाट प्रोत्साहन अनुदान प्राप्त गरेको।
- शिक्षा तालिम केन्द्रबाट प्रदेश भित्रका ६१० जना शिक्षकलाई TPD प्रमाणीकरण तालिम र १२० जनालाई अनलाइन माध्यमबाट TPD Customized तालिम गरी जम्मा ७३० जना शिक्षकहरूलाई तालिम प्रदान गरिएको।
- प्रत्येक जिल्लामा एउटा क्याम्पसलाई नमूना क्याम्पसको रुपमा स्तरोन्नती गर्नका लागि क्याम्पसहरू छनौट गरिएको ।
- उच्च शिक्षालाई अनुसन्धान केन्द्रित बनाउन स्नातकोत्तर तह सञ्चालित ९ वटा क्याम्पसहरूमा अनुसन्धान विभाग सुदृढीकरणका लागि अनुदान उपलब्ध गराइएको।
- विज्ञान तथा प्रविधि एवम् उच्च शिक्षातर्फका प्राविधिक विषयहरू पठनपाठन हुने ५ वटा क्याम्पसहरूलाई प्रोत्साहन अनुदान उपलब्ध गराइएको।
- साधारण र प्राविधिकतर्फ उच्च शिक्षा अध्ययन गर्ने लक्षित वर्गका (छात्रा, दलित, आदिवासी जनजाति, लोपोन्मुख एवम् सीमान्तीकृत, द्वन्द्वपिडीत आदि) २०८ जना छात्रछात्राहरुलाई प्रति विद्यार्थी रू. ५० हजारका दरले छात्रवृत्ति प्रदान गरिएको।
- विपन्न परिवारका ९८ जना छात्रछात्राहरूलाई TSLC र ११० जनालाई प्राविधिक डिप्लोमा अध्ययन गर्न प्रति विद्यार्थी रू. ५० हजारका दरले छात्रवृत्ति प्रदान गरिएको।
- प्रदेशभित्र सञ्चालनमा रहेका १० वटा सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूको सुदृढीकरणका लागि अनुदान उपलब्ध गराइएको।

१.२.२ स्वास्थ्यतर्फ

- **जटिल प्रसुती/जटिल दुर्घटना/सर्प दंशको लागि Air lifting प्रेषणमा सहयोग ९ वटै जिल्ला :**
  **विनियोजित बजेट** : ५० लाख
  **खर्च बजेट** : लगभग २० लाख*

| क.स. | नाम, थर | लिंग | उमेर | ठेगाना | गर्नुपर्ने कारण | उद्दार गर्ने कम्पनि | उद्दार गरेको मिति |
|---|---|---|---|---|---|---|---|
| १ | जानकी रावल | म | ३३ | केदारस्यु गा.पा.-२,बझाङ्ग | जटिल प्रसुती | सिम्रिक | २०७७/१/२२ |
| २ | मन्दिर तामांग | म | २३ | पुनर्बास न.पा., कञ्चनपुर | जटिल प्रसुती | सिम्रिक | २०७७/२/२६ |
| ३ | निर्मला खड्का | म | २५ | चौरपाटि गा.पा.-५,अछाम | जटिल प्रसुती | सिम्रिक | २०७७/२/२६ |
| | | | | | | | |

**२) आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रमको लागि अनुदान ९ वटै जिल्ला :**

- स्थानीयतहको कार्यक्षेत्रमा रहेको आधारभूत स्वास्थ्य तथा सरसफाईमा सहजीकरण हुने उद्देश्यले सहयोग अनुदान दिएको
- आर्थिक वर्ष २०७६/७७ मा ८८ वटा
- स्थानीयतहलाई रु. ५ लाखको दरले स्वास्थ्य कार्यालयमा बजेट विनियोजन गरेको
- जम्मा विनियोजित रकम = ४ करोड ४० लाख
- कार्यान्वयन गर्ने इकाई = ९ वटै स्वास्थ्य कार्यालयहरु
- कार्यान्वयन गर्नुपर्ने कार्यक्रमहरु :
  १) स्वास्थ्य सम्बन्धी कानूनी दस्तावेजहरुको बारेमा अभिमुखीकरणहरु
  २) विद्यालय स्वास्थ्य कार्यक्रमहरु
  ३) मुख्यमन्त्री जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम
  ४) ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमहरु सञ्चालन
  ५) सामाजिक विकास मन्त्रालयका स्वास्थ्यसँग सम्बन्धित प्रत्यक्ष कार्यक्रमहरु

**३) महिला स्वास्थ्य स्वयम्सेविकाहरुको स्वास्थ्य वीमा कार्यक्रम :**

- उद्देश्य : ६०३७ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरूप निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम
- सहकार्य : प्रदेश स्वास्थ्य वीमा बोर्ड
- कुल बजेट : २ करोड
- प्रति स्वस्यसेविका प्रदेश सरकारले बेहोर्नु पर्ने रकम : १७५०

**४) सिकेलसेल अनेमियाको निःशुल्क जाँच, उपचार सेवा व्यवस्थापन उपकरण मेशिनरी :**

- कुल विनियोजित बजेट : १ करोड ५० लाख
- अख्तियारी हस्तान्तरण गरिएको कार्यालय : सेती प्रादेशिक अस्पताल, महाकाली र टिकापुर अस्पताल
- मुख्य क्षेत्र : अस्पतालबाट प्रवाह हुने सिकेलसेल अनिमियाको सेवालाई थप व्यवस्थित बनाउने ।

५) **अस्पताल सेवा सुदृढीकरण सम्बन्धमा :**

- **उद्देश्य** : जिल्ला अस्पतालबाट प्रवाह हुने सेवाहरु थप व्यवस्थित र गुणस्तरीय बनाई जिल्लामा बढी भन्दा बढी स्वास्थ्य सेवाहरुको उपलब्धता सुनिश्चितता गर्न ।
- सेवा प्रवाहमा गुणस्तरता वृद्धि हुने, यो समुहका व्यक्तिहरु (महिला, दलित, जनजाति, जेष्ठ नागरिक, असहाय बालबालिका, एच.आई.भी. संक्रमितहरु अन्य) को पहुँच बढ्ने, कम लागत र बढी प्रतिफल आउने, प्रयोगशाला र फार्मेसी सँग सम्बन्धित, आकस्मिक सेवा प्रवाहमा गुणस्तरता बढ्ने, सरसफाई सँग सम्बन्धित जनशक्ति व्यवस्थापन हुने जस्ता कुराहरुलाई मध्यनजर गरी कार्य गरेको।
- **कुल विनियोजित बजेट** : १७ करोड २८ लाख
- **अख्तियारी हस्तान्तरण गरिएको अस्पतालहरु** : प्रदेश सरकार अन्तर्गतका अस्पतालहरु
- **मुख्य क्रियाकलाप** : क्लिनिकल औजारहरु खरिद, डेन्टल सेवा विस्तार, चिकित्सक भर्ना (३ जना चिकित्सक) २४ घण्टा फार्मेसी सेवा सञ्चालन, अस्पतालको भौतिक मर्मत तथा निर्माण, डिजिटल डिस्प्ले, माईक्रोस्कोप, जेनेरेटर घर निर्माण, औजार उपकरणहरु (प्यासेंट मनिटर समेत), डिस्पेन्सरी कोठा निर्माण, इमर्जेन्सी, डेन्टल र प्रयोगशाला सेवा सुदृढीकरण, हेमाटोलोजी सेल काउन्टर तथा डिस्टिलेसन प्लान्ट खरिद र भौतिक पूर्वाधार मर्मत सम्भार

६) **स्वास्थ्य संस्था भौतिक निर्माणहरु. :**

**कार्यक्रमको उद्देश्य** : स्वास्थ्य सेवाको पहुँच सहज एवम् विस्तार गर्ने

| क्र.स. | स्वास्थ्य संस्थाको प्रकार | प्रति स्वास्थ्य संस्था रकम हजारमा | कुल संस्था | जम्मा हजारमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रसुती केन्द्र | २५०० | ३२ | ८०००० | |
| २ | शहरी स्वास्थ्य केन्द्र | १५०० | १६ | २४००० | |
| ३ | सामुदायिक स्वास्थ्य इकाई | १२०० | १६ | १९२०० | |

७) **ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमको प्रगति :**

| क्र.स. | जिल्ला | तालिम प्राप्त स्थानीय तह | तालिम लिन बाँकी स्थानीय तह | कैफियत |
|---|---|---|---|---|
| १ | अछाम | १० | ० | |
| २ | बाजुरा | ६ | ३ | |
| ३ | बझाङ्ग | ९ | ३ | |
| ४ | डोटी | ८ | १ | |
| ५ | बैतडी | १० | ० | |
| ६ | डडेल्धुरा | ७ | ० | |
| ७ | दार्चुला | ७ | २ | |
| ८ | कैलाली | ६ | ७ | |
| ९ | कञ्चनपुर | ८ | १ | |

८) **विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम :**

- **कुल बजेट :** ३० लाख
- **कार्यक्रमको उद्देश्य :** विशेषज्ञ चिकित्सकहरूलाई प्रोत्साहन गरी सेवा प्रवाहमा सुधार ल्याउने
- बजेट विनियोजन गरिएको कार्यालय : सेती प्रादेशिक, महाकाली र टिकापुर अस्पताल

९) **स्थानीय तह अन्तर्गतका अस्पतालहरुलाई सेवा सुदृढीकरणको लागि अनुदान :**

**रकम (रु. हजारमा)**

| क्र.स. | अस्पताल | विनियोजित | खर्च | मुख्य क्रियाकलाप |
|---|---|---|---|---|
| १ | गोकुलेश्वर अस्पताल | २००० | १९०० | सम्बन्धित संस्था र स्थानीय तहको मागका आधारमा स्वास्थ्य सामग्री खरिद गरी वितरण गरीईएको |
| २ | मालाखेती अस्पताल | २००० | २००० | |
| ३ | जोगबुडा अस्पताल | २००० | १९०० | |
| ४ | बेलौरी अस्पताल | २००० | १९६१ | |

१०) **विशेष अनुदान अन्तर्गतका मुख्य-मुख्य कार्यक्रमहरु :**

**कार्यक्रमको नाम :** मातृ तथा बाल स्वास्थ्य क्षेत्र सुधार

**प्राप्त बजेट** : २० करोड

**विनियोजन गरेको कार्यालय** : मन्त्रालय मातहतका ३१ वटा स्वास्थ्य निकायहरु

**मुख्य मुख्य क्षेत्रहरु** :

- मातृ तथा बाल स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम (निःशुल्क औषधि,औजार/उपकरण खरिद तथा मर्मत सम्भार, विशेषज्ञ/स्वास्थ्यकर्मी व्यवस्थापन, मर्मत सम्भार, सेवा विस्तार, घेरा पर्खाल आदी)
- जिल्ला अस्पतालहरुमा हाई केयर वार्ड स्थापना र प्रादेशिक सेती अस्पतालको हकमा भेन्टिलेसन सहितको आई. सी. यु. सेवा स्थापनाको लागि भेन्टिलेटर खरिद
- मातृ तथा बाल स्वास्थ्य सेवा सुदृढीकरणको लागी भौतिक पूर्वाधार निर्माण (प्रसुती केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, कार्यालय भवन)
- मातृ तथा बाल स्वास्थ्यसँग सम्बन्धित सिपमुलक तालिम सञ्चालन (ग्रामिण अल्ट्रासाउण्ड तालिम, इम्प्लान्ट, आई.यु.सी.डी., एस.बि.ए., मेडिकल गर्भपतन सम्बन्धी आदि)

११) **कोभिड-१९ व्यवस्थापन सम्बन्धी विवरण :**

कार्यान्वयन गर्ने निकाय : स्वास्थ्यका ३१ वटा निकायहरु

आर्थिक वर्ष २०७६/७७ सम्म प्राप्त रकम : रु. ३११०८० हजार

आर्थिक वर्ष २०७६/७७ सम्म खर्च रकम* : रु. १८०६५९ हजार

खर्च प्रतिशत : ५८ %

***नोट*** *: * प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा आर्थिक दायित्व सिर्जना भएको*

- जनचेतनामुलक कार्यहरु (संचारमाध्यमबाट, स्वास्थ्य शिक्षा सामग्री छपाई एवम् वितरण आदि)
- सीमानाकामा स्वास्थ्य परिक्षण (गड्डाचौकी, त्रिनगर, खक्रौला, झुलाघाट, दार्चुला नाका र एयरपोर्टमा हेल्थ डेस्क मार्फत)
- क्वारेन्टाइन व्यवस्थापनमा स्थानीय तहलाई सहजीकरण

- अस्पतालहरुमा आइसोलेशन तथा उपचारको लागि आवश्यक व्यवस्थापन
- कोभिड-१९ परिक्षणको व्यवस्था (आर.डी.टि.र पी.सी.आर.परिक्षण प्रविधि मार्फत)
- कोभिड-१९ सँग सम्बन्धित औजार, उपचार लगायतका व्यक्तिगत सामग्रीहरुको आपूर्ति व्यवस्थापन
- महाकाली अस्पताल र सेती प्रादेशिक अस्पताल अन्तर्गत रहने गरी ५०/५० शैय्याका अस्थायी कोरोना अस्पताल (प्रिफ्याब) निर्माण, सञ्चालन तथा व्यवस्थापन
- ९ वटै जिल्लामा संघीय सरकारसँग समन्वय गरी कोभिड १९ नमूना सङ्कलन तथा परीक्षण गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाएको
- सरोकारवालाहरुसँग समन्वय र सहकार्य

**कोभिड-१९ उपचार तथा व्यवस्थापन सम्बन्धी खर्चः**

(रु. हजारमा)

| क्र.स. | कार्यालय | कुल विनियोजन | खर्च रकम | खर्च % | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कैलाली | ६५०० | ३६४९ | ५६ | भिटी एम,स्वास्थ्य सामग्री खरिद,गाडि भाडा,आर.डी.टि. खरिद र केहि आर्थिक दायित्व सिर्जना भएको |
| २ | प्रदेश स्वास्थ्य निर्देशनालय डोटी | २००० | १९२८ | ९६ | औजार,उपकरणहरु. खरिद |
| ३ | स्वास्थ्य कार्यालय कैलाली | १९८०० | १७९४२ | ९१ | ५० शैय्याको प्रिफ्याब अस्पताल,स्वास्थ्य कार्यालयको अस्पताल निर्माण,औजार,उपकरण खरिद,पी.पी.ई, क्वारेन्टाइन व्यवस्थापनमा खर्च |
| ४ | स्वास्थ्य कार्यालय डडेल्धुरा | २५०० | १०१४ | ४१ | औजार, उपकरण, आर डी टि, पी पी ई खरिद, नमुना सङ्कलन एवम् ढुवानी लगायत र केहि आर्थिक दायित्व सिर्जना भएको |
| ५ | स्वास्थ्य कार्यालय बाजुरा | १००० | १००० | १०० | औजार, उपकरण, आर डी टि, नमुना सङ्कलन एवम् ढुवानी, पी पी ई खरिद लगायत |
| ६ | स्वास्थ्य कार्यालय अछाम | १००० | १००० | १०० | औजार, उपकरण, आर डी टि, नमुना सङ्कलन एवम् ढुवानी, पी पी ई खरिद लगायत |
| ७ | स्वास्थ्य कार्यालय बझाङ्ग | १८०० | १८०० | १०० | औजार, उपकरण, आर डी टि, नमुना सङ्कलन एवम् ढुवानी,पी पी ई खरिद लगायत |
| ८ | स्वास्थ्य कार्यालय बैतडी | १००० | ९९९ | १०० | औजार, उपकरण, आर डी टि, पी पी ई खरिद लगायत |
| ९ | स्वास्थ्य कार्यालय डोटी | १००० | १००० | १०० | औजार, उपकरण, आर डी टि, पी पी ई खरिद लगायत |
| १० | स्वास्थ्य कार्यालय दार्चुला | १००० | १००० | १०० | औजार, उपकरण, आर डी टि, पी पी ई खरिद लगायत |
| ११ | स्वास्थ्य कार्यालय कञ्चनपुर | २५३३ | २५३३ | १०० | औजार,उपकरण,हेल्थ डेस्क व्यवस्थापन,पोस्टर पम्फ्लेट छपाई,क्वारेन्टाइन व्यवस्थापन आई.सी.एच.को भवनमा |
| १२ | जिल्ला अस्पताल बाजुरा | ३७०० | २७०९ | ७३ | औजार,उपकरण,आइसोलेशन व्यवस्थापन,स्वास्थ्यकर्मी क्वारेन्टाइनमा व्यवस्थापन |
| १३ | जिल्ला अस्पताल बैतडी | २५०० | १५१६ | ६१ | औजार,उपकरण,आइसोलेशन व्यवस्थापन,स्वास्थ्यकर्मी क्वारेन्टाइनमा व्यवस्थापन |
| १४ | जिल्ला अस्पताल दार्चुला | १५०० | १००० | ६७ | औजार,उपकरण,आइसोलेशन व्यवस्थापन,स्वास्थ्यकर्मी क्वारेन्टाइनमा व्यवस्थापन |
| १५ | टिकापुर अस्पताल | ४००० | ३००० | ७५ | पी पी ई,बेड,प्यासेंट मनिटर,मास्क लगाएतका अतिआवश्यक औजार उपकरणहरु,क्वारेन्टाइनमा स्वास्थ्यकर्मीको खर्च समेत |

| (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | कार्यालय | कुल विनियोजन | खर्च रकम | खर्च % | कैफियत |
| १६ | जिल्ला अस्पताल अछाम | २२०० | १००० | ४५ | औजार,उपकरण,आइसोलेशन व्यवस्थापन,स्वास्थ्यकर्मी क्वारेन्टाइनमा व्यवस्थापन |
| १७ | जिल्ला अस्पताल डोटी | १५०० | १००० | ६७ | औजार,उपकरण,आइसोलेशन व्यवस्थापन,स्वास्थ्यकर्मी क्वारेन्टाइनमा व्यवस्थापन |
| १८ | महाकाली अस्पताल | २४००० | १९३०० | ८० | ५० शैया प्रिफ्याब भवन निर्माण,आइसोलेशन व्यवस्थापन,औजार,उपकरण लगाएतका सामग्री खरिद |
| १९ | सेती प्रादेशिक अस्पताल कैलाली | २४८१० | २४८१० | १०० | आर्थिक दायित्व सिर्जना भएको,भेन्टिलेटर,मनिटर,आई सी यु,अटोक्लेभ लगायतका औजार उपकरण खरिदको लागि १ महिने सूचना आव्हान गरेको |
| २० | जिल्ला अस्पताल बझाङ्ग | २५५८ | २०५८ | ८० | आइसोलेशन व्यवस्थापन लगाएतका गतिविधिहरुमा |
| २१ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | २०३५८२ | ९०००० | ४४ | क्वारेन्टाइन बेड,पी.पी.ई,एन नाईन्टि फाइभ मास्क,थर्मामिटर,प्रयोगशाला सामग्री,भी टि एम लगाएतका सामाग्रीहरु. खरिद गरी आपूर्ति गरिएको,भेन्टिलेटर र आई सी यु को बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्रकाशित, ३ स्थानमा प्रयोगशाला निर्माणको लागि पी सी आर मेशिनको सम्झौता भईसकेको, |
| २२ | सामाजिक विकास मन्त्रालय कैलाली | ९७ | ० | ० | |
| २३ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र बाजुरा | ५० | ० | ० | कार्यक्रम र बजेट भर्खर प्राप्त भएको, कार्यन्वयनको प्रक्रियामा |
| २४ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र अछाम | ५० | ५० | १०० | कार्यक्रम र बजेट भर्खर प्राप्त भएको, कार्यन्वयनको प्रक्रियामा |
| २५ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र डोटी | ५० | ५० | १०० | कार्यक्रम र बजेट भर्खर प्राप्त भएको, कार्यन्वयनको प्रक्रियामा |
| २६ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र बझाङ्ग | ५० | ५० | १०० | कार्यक्रम र बजेट भर्खर प्राप्त भएको, कार्यन्वयनको प्रक्रियामा |
| २७ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र बैतडी | ५० | ५० | १०० | कार्यक्रम र बजेट भर्खर प्राप्त भएको, कार्यन्वयनको प्रक्रियामा |
| २८ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र दार्चुला | ५० | ५० | १०० | कार्यक्रम र बजेट भर्खर प्राप्त भएको, कार्यन्वयनको प्रक्रियामा |
| २९ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र डडेल्धुरा | ५० | ५० | १०० | कार्यक्रम र बजेट भर्खर प्राप्त भएको, कार्यन्वयनको प्रक्रियामा |
| ३० | महाकाली आयुर्वेद औषधालय कञ्चनपुर | १०० | ५० | ५० | कार्यक्रम र बजेट भर्खर प्राप्त भएको, कार्यन्वयनको प्रक्रियामा |
| ३१ | सेती आयुर्वेद औषधालय कैलाली | ५० | ५० | १०० | कार्यक्रम र बजेट भर्खर प्राप्त भएको, कार्यन्वयनको प्रक्रियामा |
| | **जम्मा** | **३११०८०** | **१८०६५९** | | |

### १.२.३ सामाजिक विकासतर्फ

- स्थानीय तहको महिला शाखामा कार्यरत ६० जना कर्मचारीलाई तालिम तथा प्रशिक्षण कार्यक्रम सम्पन्न।
    - विनियोजित बजेट : ३० लाख
    - खर्च : रु. ४,२१,४९०
- महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत ९ वटै जिल्लाका ४० जना महिलाहरुलाई पत्रकारिता तथा उदघोषण तालिम सम्पन्न ।
    - विनियोजित बजेट : १ करोड ८० लाख
    - खर्च : रु. ६,२७,७३
- विभिन्न ६ वटा राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु मनाइएको ।
    - विनियोजित बजेट :१२ लाख
    - खर्चः रु. ९,६२,६६८।-
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुसँग विकासमा सहभागीता विषयक १ दिने अन्तरक्रिया कार्यक्रममा ६५ जना यौनिक अल्पसंख्यकहरुको सहभागीता रहेको ।
    - विनियोजित बजेट : ५ लाख
    - खर्च : ३,५१,७८०।
- कोभिड १९ को समयमा लैगिंक हिंसा विरुद्धका घट्नाबारे जनचेतना अभिवृद्धि गर्ने उदेश्यले डोटेली, थारु र नेपाली भाषामा सन्देश उत्पादन गरी ५ वटा एफ.एम. रेडियो मार्फत प्रशारण गरिएको ।
- सुदुरपश्चिम प्रदेशमा रहेका समाजकल्याणको क्षेत्रमा काम गर्ने १४ वटा संस्थाहरुलाई ६६ लाख अनुदान प्रदान गरेको
    - विनियोजित बजेट : ७० लाख
    - खर्च : ६६ लाख
- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन खर्च अन्तर्गत प्रदेशका ५ वटा दिवा सेवा केन्द्रलाई १० लाख अनुदान प्रदान गरेको ।
    - विनियोजित बजेट : ४० लाख
    - खर्च :१० लाख
- मन्त्रालयमा स्तनपान कक्ष निर्माण सम्पन्न भएको ।
    - विनियोजित बजेट :२ लाख
    - खर्च : २ लाख

### १.२.४ युवा तथा खेलकुदतर्फ :

- प्रदेश खेलकूद विकास ऐन, २०७६ पारित भएको ।
- ३२ वटा निर्वाचन क्षेत्रमा खेलकुद मैदानको स्तरोन्नती तथा निर्माण ।
    - विनियोजित बजेटः ३ करोड २० लाख
    - खर्चः ३ करोड २० लाख
- महेन्द्रनगर र धनगढी रंगशालाको निर्माण तथा स्तरोन्नती ।
    - विनियोजित बजेटः १ करोड २० लाख
    - खर्चः १ करोड २० लाख
- १३ औ सागमा पदक विजेता ६१ जना खेलाडीहरुलाई नगद पुरस्कार सहित सम्मान गरेका।

- विनियोजित बजेटः ६० लाख ७५ हजार
- खर्चः  ६० लाख

➢ दृष्टीविहीनका लागि क्रिकेट प्रतियोगिता सम्पन्न ।
- विनियोजित बजेटः रु. ३ लाख
- खर्चः रु. ३ लाख

➢ युवा तथा खेलकुद दिवस र निजामती सेवा दिवस भव्य रुपमा मनाइएको ।
- विनियोजित बजेटः रु. ३ लाख
- खर्च : रु. ३ लाख

➢ प्रदेश सभाका युवा सभासदको उपस्थितिमा युवा सशक्तिकरण कार्यक्रम सम्पन्न।
- विनियोजित बजेट : रु. ७ लाख
- खर्च : रु. ४ लाख

➢ प्रदेश स्वयंसेवक परिचालन तथा व्यवस्थापन गर्ने कार्य सम्पन्न ।

**१.२.५ भाषा तथा संस्कृतितर्फ :**

➢ प्रदेशस्तरमा मनाईने मुख्य पर्वहरु (माघी, गौरा, भुवाँ नाच, चैतोली, दशहरा, अनन्ते, विशु, आदि) को संरक्षण तथा सम्बर्द्धन कार्यक्रमका लागि सहायता कार्यक्रम गंगा दशहरा, भूवो नाच, तमुलोछार, होरी, पुतला, हुड्क्यौली, संस्कृति संरक्षण, गौरा पर्व संरक्षण र सम्वर्धन, सखिया नाच, छलिया नाच, होरी, लोक साहित्य तथा कला नेवाः पर्व, पञ्चेवाजा सहयोग कार्यक्रम चौलो र हुड्केली पर्व संरक्षण सम्वर्धन पुस्ताहस्तान्तरण र प्रचार प्रसारमा सहयोग पुगेको ।
- विनियोजित बजेट : रु. १८ लाख
- खर्चः रु. १५ लाख २५ हजार

➢ बह्मकुमारी इश्वरीय विश्वविद्यालय एवम् राजयोग सेवा केन्द्र धनगढीको भवन निर्माण सम्पन्न ।
- विनियोजित बजेटः रु. २५ लाख
- खर्चः रु. २५ लाख

➢ सांस्कृतिक महोत्सवमा सामग्री प्रदर्शनीका लागि स्टल बुकिङ तथा सञ्चालन एवम् कार्यक्रम प्रायोजन गरी संस्कृति प्रचार प्रसार र पर्यटन प्रवर्द्धन भएको ।
- विनियोजित बजेटः रु. १२ लाख ५० हजार
- खर्चः रु. ८ लाख ५० हजार

➢ साहित्य संग्रहालय डोटीको निर्माण शुरू भएको ।
- विनियोजित बजेटः रु. २० लाख
- खर्चः रु. १५ लाख

➢ सुदुरपश्चिम प्रदेशको भाषा संस्कृति संरक्षण, प्रवर्द्धन, प्रचार प्रसारका लागि अन्तराष्टिय र राष्ट्रियस्तरका व्यक्तित्व सम्मिलत विश्व नेपाली साहित्य सम्मेलनको आयोजना गरिएको ।
- विनियोजित बजेटः रु. ३० लाख
- खर्चः रु. ३० लाख

➢ ९ वटा धार्मिक स्थल (मठमन्दिर, गुम्बा, मस्जिद, चर्च आदि) स्तरोन्नती तथा सुधार भएको
- विनियोजित बजेटः ८० लाख
- खर्चः ५० लाख

- सुदुरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ पारित भएको ।
- धार्मिक वेद विद्याश्रमहरुका लागि पुस्तकालय सुदृढीकरण अनुदान दिइएको ।
    - विनियोजित बजेटः रु. १३ लाख
    - खर्चः रु. १० लाख

**१.२.६ श्रम तथा रोजगारतर्फ :**

- व्यवसायिक तथा सीप विकास तालिम केन्द्र, धनगढी र महेन्द्रनगरबाट सञ्चालित विभिन्न विषयमा छोटो अवधिका तालिम लिई लाभान्वित जनशक्ति विवरण :-

| केन्द्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| धनगढी | १८३ जना | १४३ जना | ३२६ जना |
| महेन्द्रनगर | ३९२ जना | १७३ जना | ५६५ जना |
| जम्मा | १०९८ जना | ५४७ जना | १६४५ जना |

**२. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा देखिएका समस्याहरु तथा कारण :**

**२.१ जनशक्ति व्यवस्थापनमा समस्या :**

- स्वीकृत दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति नहुनु,
- नयाँ संरचना अनुसारको पर्याप्त तालिम तथा अनुभवको कमी,
- आवश्यकता अनुसार दरबन्दी नरहेको जस्तै : स्वास्थ्य संस्थाहरुमा जनसंख्याको अनुपातमा दरवन्दी नभएको,
- प्राविधिक जनशक्तिको समयमै व्यवस्थापन नहुनु जस्तै : भौतिक निर्माणको लागि इन्जिनियरहरुको अभाव र सोको व्यवस्थापनको लागि कठिनाई भएको,
- कानुन निर्माण सम्बन्धी दक्षताको कमी,
- कर्मचारी व्यवस्थापनमा अन्यौलता (जस्तै : कर्मचारी समायोजन),
- वर्तमान अवस्थाको मूल्याङ्कन र विश्लेषण गरी परिवर्तित संरचना अनुसार मन्त्रालय र अन्तर्गतका निकायहरुको सँगठन तथा व्यवस्थापन सर्भेक्षण हुन नसकेको ।

**२.२ संरचनागत समस्या :**

- प्रदेश सरकारको शिक्षा, सामाजिक विकास, महिला तथा बालबालिका, श्रम तथा रोजगार, युवा तथा खेलकुद क्षेत्रको जिल्लास्तरमा कार्यान्वयन इकाई नहुनु,

**२.३ नीतिगत समस्या :**

- आवश्यक ऐन, कानुनहरुको अभाव भएको र सोको निर्माण भईरहेको,
- संघीय सरकारबाट संघीय कानुनहरु समयमै नबन्दा प्रादेशिक कानूनहरु बन्न नसकेको जस्तै : संघीय निजामती सेवा ऐन ।

**२.४ आर्थिक व्यवस्थापन :**

- कार्यभार अनुसार लेखा समूहको दरवन्दी नुहुनु, जस्तै जिल्ला अस्पतालहरुमा लेखातर्फको दरवन्दी नहुँदा बजेट खर्च तथा रिपोर्टिङ्गमा समस्या देखिएको ।

## २.५ अन्य समस्या :

- संघीय र स्थानीय सरकारसँग पर्याप्त मात्रामा समन्वय र सहकार्य हुन नसकेको,
- कोभिड १९ को संक्रमणका कारण अपनाईएको लकडाउनको रणनीति, जसले गर्दा विनियोजित कार्यक्रमहरु सञ्चालन गर्न नसकिएको, स्थगन गर्नु परेको,
- प्रदेश सचिवको बारम्बार सरुवा हुनु : आर्थिक वर्ष २०७६/७७ मा मात्रै ५ जना प्रदेश सचिवको सरुवा भई कार्यक्रम कार्यान्वयनमा समस्या भएको ।

## २.६ समाधानका उपायहरु :

- कानुन/कार्यविधि निर्माणमा विशेष जोड दिनुपर्ने,
- समयमै कर्मचारी व्यवस्थापन हुनुपर्ने,
- कोभिड १९ को संक्रमणका कारण अपनाईएको लकडाउनबाट पर्न गएको क्षतिको विश्लेषण गरी सोही बमोजिम रणनीति तयार गर्नुपर्ने।
- उपलब्ध जनशक्ति अनुसारका कार्यक्रमहरु तय गर्ने : जस्तै मन्त्रालयमा इन्जिनियर र अन्य भौतिक निर्माणका लागि प्राविधिकहरुको दरबन्दी नभएकोले समयमै भौतिक निर्माणका कार्यहरु सम्पन्न गर्न नसकेको,
- नयाँ संरचनाअनुसार कर्मचारीहरुलाई तालिम तथा प्रशिक्षणको व्यवस्था हुनुपर्ने,
- जिल्लास्तरमा कार्यान्वयन इकाइ हुनुपर्ने,
- साउन मसान्तभित्र कार्यक्रम कार्यान्वयन कार्यपुस्तिका, निर्देशिका बनाई भाद्रमा कार्यान्वन चरणमा गईसक्नुपर्ने,
- कुनै कार्यक्रम तथा आयोजना सम्पन्न हुने सवालमा अख्तियारवालालाई पूर्ण जिम्मेवार बनाउने र सोको सम्पन्नताको कार्यलाई निजको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने,
- स्थलगत सहजीकरण र अनुगमनमा विशेष जोड दिने ।

# ३. सञ्चालनमा रहेका मुख्य-मुख्य कार्यक्रमहरुको विवरण :

**शिक्षातर्फ (बहुवर्षीय कार्यक्रमको रूपमा सञ्चालनमा रहेकाहरू) :**

- सामुदायिक प्राविधिक धारका विद्यालयहरुमा छात्रावास निर्माण क्रमागत (११ वटा)
- दुई कोठे कक्षाकोठा भवन फर्निचर सहित ५७ वटा
- चार कोठे विद्यालय भवन निर्माण ६१ वटा
- फर्निचर सहित क्याम्पस भवन निर्माण २४ वटा
- गोकुलेश्वर कृषि तथा पशुविज्ञान क्याम्पसको भवन निर्माण
- अनाथ, असहाय बालबालिकाको शैक्षिक पहुँचका लागि विद्यालयमा आवासीय संरचना निर्माण ४ वटा (कैलाली, कञ्चनपुर, अछाम र बैतडी)
- सामुदायिक प्राविधिक धारका विद्यालयहरुमा छात्रावास निर्माण ९ वटा

**भाषा तथा संस्कृतितर्फ :**

- साहित्य संग्रहालय डोटीको भवन निर्माणको चरणमा रहेको ।

## ४. सम्पादन हुन नसकेका महत्वपुर्ण कार्यक्रमहरु (बजेटका आधारमा) को विवरण :

### शिक्षातर्फ

| क्र.सं. | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रम | विनियोजित बजेट | सम्पन्न हुन नसक्नुका कारण |
|---|---|---|---|
| १ | प्रदेश पोलिटेक्निक स्थापनाका लागि सम्भाव्यता अध्ययन तथा डि. पि. आर. निर्माण | १ करोड | डि. पि. आर. को प्रारम्भिक कार्य गर्न विज्ञ सहितको समिति बन्न नसक्नु |
| २ | प्रदेश विश्वविद्यालय स्थापनाका लागि सम्भाव्यता अध्ययन डि. पि. आर. निर्माण र स्थापना | १ करोड | डि. पि. आर. को प्रारम्भिक कार्य गर्न विज्ञ सहितको समिति बन्न नसक्नु |
| 3 | प्रदेश स्तरीय सुचना प्रविधि केन्द्र स्थापना र सञ्चालन | ५० लाख | स्थापना र सञ्चालनको मोडालिटि तयार हुन नसक्नु। |

### सामाजिक विकासतर्फ

| सि.न. | सम्पन्न हुन नसकेको कार्यक्रमहरु | विनियोजित बजेट | सम्पन्न हुन नसक्नुका कारण |
|---|---|---|---|
| १ | महिला सशक्तिकरण कार्यक्रम | १८० लाख | सुदुरपश्चिम प्रदेशको ९ वटै जिल्लाबाट मागमा आधारित सीपमुलक तालिमका लागि प्रस्ताव भै कार्यान्वयनमा जाँदा विश्वमा फैलिएको कोरोना भाईरसको कारणले स्थगित भएको । |
| २ | प्रदेश मन्त्रालय र अन्तर्गतका कार्यालयका gender focal persion लाई gender sensivity लाई सम्बन्धी ३ दिने तालिम | १५ लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| ३ | सामाजिक सुचना व्यवस्थापन प्रणाली तालिम ३ दिने | २० लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| ४ | संघ संस्थामा कार्यरत पदाधिकारीहरुको क्षमता अभिवृद्धि तालिम | २० लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| ५ | अपांगता सहायक सामाग्री वितरण (राहत तथा पुर्नस्थापना, क्षतिपुर्ति ) | ३० लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| ६ | ज्येष्ठनागरिक सम्बन्धी डकुमेन्ट्री निर्माण | ५ लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| ७ | अपांगता तथा ज्येष्ठ नागरिक सम्बन्धी काम गर्ने संघ संस्थाहरुसँग अन्तरक्रिया | २ लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| ८ | प्रदेशस्तरीय सामुदायिक पुर्नस्थापना खर्च संचालन | ३० लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| ९ | बालबालिकाको विकास तथा संरक्षण सम्बन्धी रणनैतिक तर्जुमा कार्यशाला गोष्ठी | ७ लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| १० | मोबाईल SMS अलर्ट सेवा | १.५ लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| ११ | सामाजिक सूचना व्यवस्थापन प्रणाली | २० लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| १२ | महिला सशक्तिकरण तथा लैगिंक समानताका लागि प्रदेशस्तरिय रणनैतिक तर्जुमा कार्यशाला गोष्ठी | २० लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| १३ | महिला सहकारी भवनलाई community learning centre प्रर्वद्धन र संचालन | ४५ लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |

| सि.न. | सम्पन्न हुन नसकेको कार्यक्रमहरु | विनियोजित बजेट | सम्पन्न हुन नसक्नुका कारण |
|---|---|---|---|
| १४ | छाउपडी कुप्रथा विरुद्धको अभियान बझाङ्ग र अछाम | २० लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| १५ | सानै छु बढ्न देउ बाल विवाह होईन पढ्न देउ विषयक अभियान | २५ लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| १६ | बालमैत्री योजना सम्बन्धी तालिम २ दिने | १२ लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |
| १७ | आधारभुत सांकेतिक भाषा तालिम | ५ लाख | कोभिड १९ को संक्रमणका कारण प्रक्रिया सुरुवात नभएको |

## युवा तथा खेलकुदतर्फ

| क.स. | सम्पन्न हुन नसकेका मुख्य मुख्य कार्यक्रम | विनियोजित बजेट | सम्पन्न हुन नसक्नुका कारणहरु |
|---|---|---|---|
| १ | प्रादेशिक गौरवको आयोजनाको रुपमा बिकास गर्ने गरी फाप्ला क्रिकेट मैदान डीपीआर तथा निर्माण दोश्रो किस्ता | १ करोड | जग्गा प्राप्तिको प्रकृयामा ढिलाई |
| २ | खेलाडी कल्याणकारी कोष व्यवस्थापन | ३० लाख | कार्यविधि निर्माण हुन नसकेको । |
| ३ | मुख्यमन्त्री कप खेलकूद प्रतियोगिता | १ करोड | कोभिड १९ को संक्रमण |
| ४ | जिल्लाएवम् प्रदेशस्तरीय एथलेटिक्स प्रतियोगिता | ४५ लाख | कोभिड १९ को संक्रमण |

## भाषा तथा संस्कृतितर्फ

| क.सं. | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु | विनियोजित बजेट | सम्पन्न हुन नसक्नुको मुख्य कारणहरु |
|---|---|---|---|
| १ | प्रज्ञा प्रतिष्ठान निर्माण | ५० लाख | ➢ तोकियको स्थानमा जग्गा उपलव्ध नहुनु<br>➢ ऐन समयमै निर्माण नहुनु |
| २ | मुर्तिकला र प्रदेश पहिचान झल्कने मुर्ति निर्माण | १५ लाख | सुचना प्रकाशन भएको तर सो अनुसार निवेदन सहितको प्रश्तावना पेश नभएको |
| ३ | सुदूरपश्चिम प्रतिभा पुरस्कार | ३ लाख | कोभिड १९ का कारण प्रक्रिया सुरुवात नभएको |

## श्रम तथा रोजगारतर्फ

| क.सं. | सम्पन्न हुन नसकेका मुख्य कार्यक्रमहरु | विनियोजित बजेट | सम्पन्न हुन नसक्नुको मुख्य कारणहरु |
|---|---|---|---|
| १ | उत्कृष्ट श्रमिक उद्यमी पहिचान तथा सम्मान कार्यक्रम | ४ लाख ५० हजार | कोभिड १९ का कारण प्रक्रिया सुरुवात नभएको |
| २ | उद्योग प्रतिष्ठानमा काम गर्ने श्रमिकहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम | १० लाख | कोभिड १९ का कारण प्रक्रिया सुरुवात नभएको |
| ४ | श्रम तथा रोजगार सम्बन्धी प्रदेश स्तरीय प्रोफाइल तयारी तथा प्रकाशन | ६ लाख | कोभिड १९ का कारण प्रक्रिया सुरुवात नभएको |
| ५ | श्रम तथा रोजगार सम्बन्धी अभिमुखिकरण, सरोकारवालाविच कार्यशाला र समीक्षा गोष्टी | ६ लाख | कोभिड १९ का कारण प्रक्रिया सुरुवात नभएको |
| ६ | साना तथा घरेलु उद्योग प्रतिष्ठानहरुसँग अन्तरक्रिया कार्यक्रम | ८ लाख | कोभिड १९ का कारण प्रक्रिया शुरूवात नभएको |

## ३.७ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**१. आर्थिक वर्ष २०७६/७७ मा जारी भएका नीति, ऐन, नियम, कार्यविधी, निर्देशिका र मापदण्डहरुको विवरण**

- मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- सुदूरपश्चिम प्रदेशको पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
- सुदूरपश्चिम प्रदेशको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
- आयआर्जन तथा उत्पादनमूलक कार्यमा सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७६ को प्रथम संसोधन
- सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन २०७६
- भूमिहीनका लागि सुरक्षित बसोबास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
- कृषि तथा पशुपन्छी व्यवसायमा अनुदान परिचालन कार्यविधि, २०७७
- करार सेवामा कृषि प्राविधिक कर्मचारी छनौट कार्यविधि, २०७७
- बाली तथा पशुधन बीमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यविधि, २०७७
- चवलावन्दीमा व्यावसायिक कृषि उत्पादन अनुदान वितरण कार्यविधि, २०७७
- फलफुल वगैचा स्थापना तथा बिरुवा स्याहारमा अनुदान वितरण कार्यविधि, २०७७
- माटो स्वास्थ्यता प्रमाण पत्र कार्यक्रम-सञ्चालन२०७७-तथा कार्यान्वयन कार्यविधि
- कोरोना प्रभावित तथा विदेशबाट फर्किएका यूवा लक्षित कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७७
- सुन्तला जात फलफूल बगैचा पुर्नस्थापना तथा ह्रास रोग नियन्त्रण कार्यक्रम सञ्चालन निर्देशिका, २०७७
- प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७७
- सुदूरपश्चिम प्रदेशको सहकारी नियमावली, २०७६

## २. आर्थिक वर्ष २०७६/७७ मा मुख्य-मुख्य कार्यक्रम, कार्यक्रमको लक्ष्य र प्राप्त उपलब्धि तथा मन्त्रालयबाट सम्पन्न मुख्य कार्यक्रमहरुको प्रगति

| क्र.स. | कार्यक्रमको नाम | इकाई | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम (मुख्यमन्त्री नमुना कृषि गाउँ) | संख्या | ८८ | ८१ | भेडावाखा ३२, स्याउ १, सुन्तला १, आलु ४, कुखुरा २, तरकारी १५, भैसी ३, गहुँ ३ , ओखर १, धान ६, फलफूल ४, माछा १, उखु ४, मसला २, मौरी १ र केरा १ गरी जम्मा ८१ वटा विभिन्न बाली र पशुपंक्षीको एकिकृत उत्पादन तथा व्यवसायिकरणको कार्य प्रारम्भ भएको |
| २ | साना सिंचाई कार्यक्रम | संख्या | १७९ | १७९ | १८० हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा विस्तार |
| ३ | सार्वजनिक निजी साझेदारीमा प्रयोगशाला स्थापना तथा सुदृढीकरण | | | | |
| ३.१ | पशुपन्छी दाना गुणस्तर परिक्षण सेवा प्रयोगशाला स्थापना | संख्या | १ | १ | दाना, दुध तथा दुग्धजन्य पदार्थको गुणस्तर नियमनका लागी आधर खडा भएको |
| ३.२ | दुध तथा दुग्ध पदार्थ गुणस्तर परिक्षण प्रयोगशाला स्थापना | संख्या | १ | १ | |
| ४ | प्रिसिजन केरा खेती क्षेत्र विस्तार | हेक्टर | ८० | ११०.२५ | ११०.२५ हे. नयाँ क्षेत्र विस्तार |
| ५ | कैलाली र कन्चनपुरमा सामुदायिक छाडा पशु व्यवस्थापनका लागी गौशाला निर्माण तथा सञ्चालन | संख्या | २ | ६ | ध.उ.म.न.पा., वर्दगोरीया, शुक्लाफाँटा, वेलडाडी, कृष्णपुर, व्रम्हदेव |
| ६ | पशु नश्ल सुधारका लागी कृत्रिम गर्भाधान कार्यक्रम सुदृढीकरण अन्तर्गत कृ.ग.सामग्री खरिद | पटक | १ | १ | १९५ थान त.ना. कन्टेनर र रेफ्री वितरण |
| ७ | साना डेरी तथा दुग्ध सहकारीहरु. लाई यान्त्रिकरण सहयोग कार्यक्रम अन्तर्गत दुग्धडेरी उधोगमा मिल्क एनालाईजर वितरण | पटक | १ | १ | २० वटा दुग्ध सङ्कलन केन्द्रमा मिल्क एनालाईजर जडान |
| ८ | मुक्त कमैया, हलिया, एकल महिला, पिछडीएका, बिपन्न वर्ग आदिलाई जिबीकोपार्जनको लागि कृषि कार्यक्रम सञ्चालन | पटक | १ | १ | १० हजार कृषक |
| ९ | मुख्यमन्त्री एकीकृत वस्ति विकास कार्यक्रम अन्तर्गत गरीब तथा बिपन्न वर्गको पहिचान गरी बस्ती व्यवस्थापन कार्यक्रमका लागि डि.पि.आर. तयार | पटक | ३ | ३ | ४ वटा स्थानका लागि डि.पि.आर. तयार |
| १० | प्रदेश भू- सूचना प्रणाली तथा भू-सूचना केन्द्रको स्थापना | पटक | १ | १ | कृषि, पशुपन्छी, सहकारी लगायत भूमि सम्बन्धीको अन्तर्गत Integrated Portal तयार भएको |
| ११ | उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यमा सहकारी संघसंस्थालाई मागमा आधारित पुँजीगत ५०% अनुदान | संख्या | १०० | ६५ | |
| १२ | सहकारी संघ सुदृढीकरण कार्यक्रम (भवन निर्माण, फर्निचर तथा मेसीनरी उपकरण सहयोग) | संख्या | ९ | ७ | |
| १३ | महिलाद्वारा सञ्चालित सहकारीको भवन निर्माण | पटक | १ | १ | |

| क्र.स. | कार्यक्रमको नाम | इकाई | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १४ | स्वरोजगारमुलक श्रमिक सहकारी संस्थाका लागी र विपन्न समुदाय तथा महिलाका लागी आयमुलक सहकारी आयोजनाका लागि बीउपुँजी अनुदान | संख्या | ९ | ९ | |
| १५ | गहुँ बीउ उत्पादन ( पकेट तथा मूल बिउ) | हेक्टर | | २१२ | १६२ हे. क्षेत्रफलमा गहुँको बीउ उत्पादन भई ५४३ मे.ट. गहुँको बिउ उत्पादन भएको, जसको अतिरिक्त बजार मूल्य १७ करोड हुने र यसले ४ हजार ५०० हेक्टर क्षेत्रफल ढाक्ने |
| १६ | नर्सरी निर्माण सहयोग | वटा | | १२ | कम्तिमा ८० हजार फलफूल तथा १.५ लाख तरकारीको बेर्ना उत्पादन,स्याहार तथा बजारीकरणमा सहयोग हुने । भारतबाट आयात हुने तयारी बेर्ना प्रतिस्थापन हुने । |
| १७ | खाद्य तथा बिउ आलु पकेट क्षेत्र निर्माण | हेक्टर | | १७० | ८५ हेक्टर डिजिरे,कार्डिनल,आ.पि.वाइ जातका आलु बीउ उत्पादन भइ कुल १००० मे.ट आलु बुइ कोल्ड स्टोरमा भण्डारण हुने । १४५ हेक्टरमा डिजिरे,कार्डिनल,आ.पि.वाइ जातकाखायन आलु उत्पादन भई कुल १४५० मे.ट आलु उत्पादन भएको |
| १८ | गड्यौला मल उत्पादन सहयोग | वटा | | ८ | ८ वटा फर्म संस्थाहरुले गड्यौला मल उत्पादन सहयोग प्राप्त गरी भर्मी वेड स्थापन गरी वार्षिक १ लाख के.जी. भर्मी कम्पोष्ट उत्पादन गरी कम्तिमा रु. ३० लाख आम्दानी हुने |
| १९ | गहुँ उन्नत बीउमा अनुदान सहयोग | मे.ट. | | १०० | ८०० हे. क्षेत्रफलमा उन्नत गहुँ बीउ प्रयोग भई १५-३० प्रतिशत उत्पादनमा वृद्धि |
| २० | तेल बाली पकेट स्थापना | हेक्टर | | ५० | ५० हे. क्षेत्रफलमा तोरी र तिल बालीको बीउउत्पादन तथा तेल बाली उत्पादन हुने |
| २१ | थारु आलु संरक्षण तथा सम्वर्धन पकेट | हेक्टर | | ६० | १८ वटा पकेटमा ६० हे. क्षेत्रफलमा ६०० मे.ट थारु. आलु उत्पादन भएको । यस मध्ये परम्परागत तथा कोल्ड स्टोरमा २०० मे.ट. आलु बीउका लागि भण्डारण हुने । कृषकहरुमा थारु. आलुको महत्वबारे जानकारी भएको तहत संरक्षण तथा सम्वर्धन गर्नुपर्छ भन्ने भावना जागृत भएको |
| २२ | व्यवसायिक तरकारी उत्पादन | जना | | २०० | २०० हे. क्ष्त्रफलमा तरकारी खेति गरी २४०० मे.ट तरकारी उत्पादन गरेको र अनुमानित रु.३ करोड साथी लाख आम्दानी गरेको |
| २३ | बेमौसमी तरकारी उत्पादनका लागि प्लास्टिकटनेल निर्माण | थान | | ७० | ७० वटा युवा उधमिहरुले अत्याधुनिक टनेल निर्माण गरेको। बेमौसमी तरकारी तथा तरकारी बेर्ना उत्पादन,पुष्प व्यवसाय तथा फलफूल विरुवा उत्पादनमा सहजता हुने |
| २४ | साना सिंचाई सहयोग | संख्या | | ६५० | ६५० वटा आयोजना निर्माण, करिव ८०० हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा विस्तार |
| २५ | बगर खेति कार्यक्रम | संख्या | | २१ | २१ वटा कृषक समूह सँग कम्त्रिमा १०५ हे. क्षेत्रफलमा लहरे तकारी खेति भई २००० मे.त. तरकारी उत्पादन भई सीमान्तकृत जग्गामा तथा सकतासन्न समुदायले रु. ४ करोड आम्दानी गरेको । |
| २६ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | संख्या | | | विभिन्न बालिका ११५ वटा पकेट र २० वटा ब्लक स्थापना भइ ति बालिको करिव ३००० हें मा आधुनिक उत्पादन, व्यावसायिकरण, यान्त्रिकरण, थोपा सिंचाइ, सिंचाइ क्षेत्र विस्तार आदि भएको । |
| २७ | कृषि यन्त्रमा अनुदान कार्यक्रम | पटक | | | ७ वटा सहकारी तथा संस्थाहरुलाइ ७ थान चार पाँग्रे ट्र्याक्टर, ९५० जना कृषकहरुलाइ पावर टिलर, मिनि टिलर, चार पाँग्रे ट्राक्टरका एट्याचमेन्ट आदी वितरण, खेती खर्चमा न्युनिकरण तथा कृषि आधुनिकिकरण हुने |
| २८ | कोल्ड स्टोर तथा राईपनिंग च्याम्बर स्थापना | संख्या | | | १ वटा कोल्ड स्टोरमा आंशिक सहयोग, ४ वटा राइपेनिग च्याम्बर स्थापना भएको । स्थानीय कृषि बस्तु भण्डारणमा सहयोग हुने |
| २९ | च्याउ प्रयोगशाला स्थापना सहयोग | संख्या | | | ४ वटा च्याउ प्रयोगशाला स्थापना भइ च्याउ बीउ उत्पादनको शुरुवात हुने |

| क्र.स. | कार्यक्रमको नाम | इकाई | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| ३० | विषादी स्रोत केन्द्र स्थापना कार्यक्रम | संख्या | | १ | ३ वटा जैविक विषादी स्रोत केन्द्र स्थापना भइ जैविक विषादी उत्पादनको शुरुवात हुने |
| ३१ | ओखरको क्षेत्र विस्तार | हेक्टर | | १०० | दार्चुला, बैतडी,डडेल्धुरा |
| ३२ | फलफूल बगैचा स्थापना | संख्या | | ४३ | ओखर तथा सुन्तला जात |
| ३३ | फलफुल विरुवा वितरण | संख्या | | ३००० | विभिन्न फलफुल जातका विरुवा वितरण |
| ३४ | उखु खेति विस्तार | हेक्टर | | ३५६ | कैलाली तथा कचनपुरका विभिन्न स्थान |
| ३५ | कष्टम हयारिंग सेन्टर स्थापना | संख्या | | १० | १० वटा स्थानीय निकायमा विभिन्न कृषि यन्त्र तथा उपकरण सहितको कष्टम हायरिंग सेन्टर स्थापना भएको |
| ३६ | मुंग खेति विस्तार | हेक्टर | | ३२० | |
| ३७ | सहकारी मार्फत आयआर्जन कार्यक्रम | संख्या | | ९६ | कृषितर्फ ३८ : तरकारी खेति,अदुवा,पोषणयुक्त खाद्यान्न बाली, मौरीपालन, सिचाई |
| | | | | | पशुतर्फ २८ ;बाखापालन,भेडापालन, कुखुरापालन, गाइपालन, डेरी, दुग्ध उत्पादन, बगुरपालन । |
| | | | | | सहकारी भवन निर्माण तथा भण्डारण केन्द्रतर्फ; प्रशोधनकेन्द्र,सकलन केन्द्र,यन्त्र उपकरण,भवन तथा ग्रेडिगँ मेशिन |
| ३८ | मासु पसल सुधार | | | १०२ | बजारमा स्वच्छ मासु आपुर्तीभई रहेको डडेल्धुरा ४४, कचनपुर २२,बैतडी १, बझाङ्ग १३,बाजुरा २२ । |
| ३९ | डेरी पसल | | | ९२ | डडेल्धुरा २४,कचनपुर ४०,बैतडी २,बझाङ्ग १६,बाजुरा १०। |
| ४० | फार्म स्थापना | | | ७८७ | बगुर ४७, बाखा ४१३, गाइ ८६, भैसी २८, कुखुरा २१३ । |
| ४१ | दुध चिस्यान केन्द्र | | | ५ | |
| ४२ | बध स्थल निर्माण | | | २ | कैलाली तथा अछाममा बधशाला निर्माणभइ बजारमा स्वच्छ मासु आपुर्तीभइ रहेको । |
| ४३ | अन्य कृषि तथा पशुपन्छी विकास कार्यक्रम | | | | २८० हे.मा बीज वृद्धिका लागि ३३६ कुन्टल गहुको स्रोत बीउ वितरण |
| ४४ | ढुवानी अनुदान र वजारीकरण सहयोग कार्यक्रम | | | | ढुवानी अनुदान र वजारीकरण सहयोग कार्यक्रम अन्तर्गत कृषि ज्ञान केन्द्रको पहलमा स्थल मार्ग वाट सम्भव नभएपछि जहाज वाट नेपालगंज र धनगढिमा लगभग २०० कुइन्टल बिक्रि गरेका छन् र जिल्लामै २०० कुइन्टल बिक्रि मार्फत करिब २० लाखको कृषकले आम्दानि गरेका छन। |
| ४५ | अन्य कृषि तथा पशुपन्छी विकास कार्यक्रमका उपलब्धिहरु | | | | विउका लागि आलु pbs १२३००० दाना १.००३ हे . क्षेत्रफलमा विउ उत्पादन कार्यक्रम सञ्चालन |
| | | | | | चाक्ला वन्दीमा आलु उत्पादन कार्यक्रम सन्चालन( १३० रोपनी ) |
| | | | | | चाक्ला वन्दीमा तरकारी उत्पादन कार्यक्रम सन्चालन( ३० रोपनी ) |
| | | | | | कञ्चनपुर जिल्लाको माहाकाली नगरपालिका वडा नं. १ मा फैलिएको खोरेत रोग रोकथाम तथा नियन्त्रण कार्यका प्राविधिक सहयोग उपलव्ध गराएको । |
| | | | | | कैलाली कञ्चनपुर डडेल्धुरा डोटी र बझाङ्गमा गरी करिव ९८२३ पशुहरुमा कृत्रिम गर्भाधान सेवा पुऱ्याएको । |
| | | | | | प्रदेशभरीमा करिव ३२०७४ पशुहरुमा प्राथमिक उपचार सेवा पुऱ्याएको। |
| | | | | | मत्स्य विज तथा उत्पादनतर्फ ह्यचलिङ्ग १८४००००० फ्राईतर्फ १६९२३२० र फिङ्गरलिङ्गतर्फ १९३२७०० भुरा उत्पादन प्रथम चौमासिक अविधिमा भएको। |
| | | | | | १० हे. जग्गामा नार्कको सहयोगमा जै घाँसको मुल केन्ट बीउ बीउ उत्पादक कृषकहरुलाई वितरण गरेको । |
| | | | | | वझाङ्ग जिल्लामा २०७७/०७८ को प्रथम चौमासिक अवधिमा खशि/बोका र भेडाको बजारीकरण (१८ ट्रक करिव ९९०संख्या) |
| | | | | | डोटी जिल्लामा सहकारी मार्फत ३८७ गोटा वोयरक्रस वाख्राका |

| क्र.स. | कार्यक्रमको नाम | इकाई | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | वोका वितरण । |
| | | | | | कैलाली जिल्लामा १० प्रतिशत नयाँ पोखरी निर्माण भई मत्स्य पालन क्षेत्रमा वृद्धि भएको । |
| | | | | | कैलाली जिल्लाको अत्तरिया सञ्चालन भएको पशुहाटवजार वाट २०७७/०७८ को प्रथम चौमासिक अवधिमा राँगा/भैसीको ८ करोड वराबरको कारोवार भएको । |

## ३. सम्पादन हुन नसकेका महत्वपूर्ण कार्यक्रमहरु

| क्र.सं. | क्रियाकलाप | इकाई | लक्ष्य | प्रगति | नपुग | प्रगति नपुगका जायज कारणहरु |
|---|---|---|---|---|---|---|
| १ | मागमा आधारित कोल्ड चेम्वर निर्माण सहयोग (अन्य सार्वजनिक निर्माण) | संख्या | ५ | ० | ० | कार्यविधि समयमा पारित नभई लक डाउनका कारणले समय अभाव |
| २ | कृषि वजार स्टल निर्माण सहयोग(स्थानीय तअ सँगको सहकार्यमा दि.सि.न.राजपुर डोटी (अन्य सार्वजनिक निर्माण) | संख्या | १ | ० | ० | स्थानीय तह बाट ठाउँ छनौटको निर्णय समयमै हुन नसक्दा लक डाउन सुरु भई सम्पन्न हुन नसकेको |
| ३ | अत्तरिया कृषि बजार समितिलाई बजार पूर्वाधार निर्माण सहयोग (अन्य सार्वजनिक निर्माण) | संख्या | १ | ० | ० | बजार समितिले समयमा लागत स्टिमेट पेश नगरेको |
| ४ | कृषि वजार स्टल निर्माणमा सहयोग (स्थानीय तहसँगको सहकार्यमा अ.न.पा डडेल्धुरा सँग(कृषि विकास कार्यक्रम) | संख्या | १ | ० | ० | स्थानीय तह बाट ठाउँ छनौटको निर्णय समयमै हुन नसक्दा लक डाउन सुरु भई सम्पन्न हुन नसकेको |
| ५ | साझेदारीमा जैविक बिषादी कारखाना स्थापना(कृषि विकास कार्यक्रम) | संख्या | १ | ० | ० | लक डाउनका कारणले साझेदारी संस्थाले अन्तिम समयमा कार्यक्रम गर्न नचाहेको |
| ६ | कृषि सेवा कर्मी करारमा नियुक्ती गरी कृषि तथ्याङ्क अध्यावधिक गर्ने (तथ्याङ्क व्यवस्थापन (सङ्कलन/प्रेषण तथा प्रकाशन तथा सम्प्रेषण) (कृषि विकास कार्यक्रम) | पटक | १ | ० | ० | लक डाउनका कारण |
| ७ | कोल्ड च्याम्बर/कोल्ड स्टोरेज/राइपेनिंग च्याम्बर चिस्यान केन्द्र निर्माण सहयोग(कृषि विकास कार्यक्रम) | पटक | १ | ० | ० | कार्यविधि समयमा पारित नभई लक डाउनका कारणले समय अभाव |
| ८ | तन्तु प्रजनन प्रयोगशाला स्थापना पुँजीगत सहयोग(कृषि विकास कार्यक्रम | संख्या | १ | ० | ० | लक डाउनका कारणले साझेदारी संस्थाले अन्तिम समयमा कार्यक्रम गर्न नचाहेको |
| ९ | प्रदेशस्तरीय कृषि मेला प्रदर्शनी आयोजना(कृषि विकास कार्यक्रम)दिवस मनाउने(मेला आयोजना तथा दिवस ) | पटक | १ | ० | ० | लक डाउनका कारणले |
| १० | सार्वजनिक निजी साझेदारीमा प्रदेशस्तरीय भैसी फार्म स्थापना स्थानीय तह/संघ/संस्था /सहकारी/निजी उद्यमी लगायत अन्य | प्रदेश | १ | ० | | जग्गा उपलव्ध नभएको कारणले स्थापना गर्न नसकिएको । |
| ११ | पशुपन्छी तथा मत्स्य विकास यान्त्रीकरण सहयोग कार्यक्रम | पटक | १ | ०.२ | | लकडाउनको कारणले आपुतिकर्ताले औजार उपकरणहरु. आपुर्ति गर्न नसकेको। |

## ४. मुख्य-मुख्य समस्या तथा चुनौतीहरु

- प्राविधिक जनशक्ति अभाव, कार्यविधि तयारीमा ढिलाई, भौतिक पूर्वाधार निर्माणमा इन्जिनियरको अभाव ।
- सहकारी तथा गरिबी निवारण क्षेत्रका जिल्लास्तर कार्यालय नहुनु ।
- तथ्याङ्क सङ्कलन तथा सत्यापन ।
- स्थानीय तहसँग समन्वयको नीतिगत व्यवस्था नुहनु ।
- नियमन कार्य कमजोर रहनु (बीउ निरीक्षक, विषादी निरीक्षक, भेटेरीनरी निरीक्षक आदि) ।

## ३.८ प्रदेश सभा सचिवालय

**१. आर्थिक वर्ष  २०७६/७७ मा पारित भएका विधेयकहरु. :**

- केहि प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६
- सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५
- रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६
- निजी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७६
- साझेदारी व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७६
- प्रदेश खेलकुद सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक, २०७६
- सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७६
- प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यबस्था गर्न बनेको बिधेयक, २०७६
- सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७
- आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश लोक सेवा आयोगको गठन काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६

**२. सम्पन्न भएका कार्यक्रम र कार्यहरुको विवरण**

- १०० के.ए.भी. को जेनेरेटर खरीद गरिएको ।
- पुस्तकालय कोठा निर्माण  गरिएको ।
- समितिको लागि हल निर्माण गरिएको ।
- वाकथ्रु गेट जडान र गेट बेरियर निर्माण गरिएको ।
- मिडिया सेन्टर निर्माण ।
- गाडी पार्किङ मर्मत ।
- ग्यारेज निर्माण ।
- प्रदेश सभा बैठकका सम्पूर्ण गतिविधिहरु प्रदेश सभाको आधिकारीक युट्युब च्यानलबाट प्रत्यक्ष प्रसारण गर्ने गरिएको ।
- श्रव्य, दृश्य प्रविधिको जडान गरी सो मार्फत विधेयक माथि छलफल, कोभिड-१९ का विषयमा छलफल तथा अन्तरक्रिया लगायत विभिन्न कार्यक्रम सञ्चालन भैरहेका ।
- समितिका सभापतिज्यूहरुको कर्णाली प्रदेश, प्रदेश नं ५ र गण्डकी प्रदेशमा अवलोकन भ्रमण सम्पन्न भएको ।
- प्रदेश सभा सदस्यज्यूहरुबाट संघीय संसद, बाग्मती प्रदेश, प्रदेश नं. ५ र गण्डकी प्रदेशमा प्रदेश सभाको अवलोकन भ्रमण सम्पन्न भएको ।
- सचिवालयमा कार्यरत कर्मचारी र मर्यादापालकबाट संघीय संसदको अवलोकन भ्रमण भएको ।
- सचिवालयमा कार्यरत कर्मचारीहरुबाट अन्य प्रदेश सभाको असल अनुभव आदान प्रदानका लागि प्रदेश नं. १, प्रदेश नं. २, प्रदेश नं. ५ र कर्णाली प्रदेशको अवलोकन भ्रमण सम्पन्न भएको ।
- रेडियो, एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि विधायन तथा प्रदेश मामिला समितिबाट डडेल्धुरा र दार्चुला जिल्लामा गई राय सुझाव सङ्कलन गरिएको ।

- सामाजिक विकास समिति र अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट विभिन्न विधेयक माथि विज्ञहरुसँग राय सुझाव अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको ।
- विषयगत समितिहरुबाट प्रदेश स्थिति विभिन्न जिल्लाहरुमा पटक पटक स्थलगत अनुगमन र अवलोकन गर्ने कार्य भएको ।

**विधेयकहरु सम्बन्धी**

- सचिवालयमा विधेयक दर्ता - ११
- पारित विधेयक - १२
- समितिमा विचाराधीन विधेयक - २
- प्रस्ताव दर्ता संख्या - ५
- प्रदेश सभाको चौथो, पाचौं र छैटौं अधिवेशनमा सम्पन्न भएका वैठक संख्या - ४६ वटा

**आर्थिक वर्ष २०७६/७७ मा बसेको समितिको वैठक संख्या**

- कार्य व्यवस्था परामर्श समिति - १८
- विधायन तथा प्रदेश मामिला समिति - २२
- सार्वजनिक लेखा समिति - ३६
- अर्थ विकास तथा प्राकृतिक स्रोत समिति - ३३
- सामाजिक विकास समिति - २६

**सचिवालयबाट भएका प्रकाशनहरु. :**

- विधेयक संग्रह पुस्तिका ।
- संक्षिप्त विवरण पुस्तिका ।
- सम्पूर्ण विवरण संग्रह पुस्तिका ।
- प्रदेश सभा सदस्य परिचय पुस्तिका ।
- टेलिफोन डायरी ।
- डायरी नोटबुक ।

**आर्थिक वर्ष २०७६/०७७ को वित्तीय अवस्था, विनियोजन, खर्च तथा खर्च प्रतिशत**

**प्रदेश सभातर्फ**

- प्रदेश सभाको बजेट (चालु) :- रु. १०३६४० हजार
- चालु खर्च :- रु. ८१०५६ हजार
- पूजिगत बजेट :- रु. २१६५५ हजार
- पुँजीगत खर्च :- रु. १४९४७ हजार
- भौतिक प्रगतिः- ६९.०२ %
- वित्तीय प्रगतिः- ७० %

**प्रदेश सभा सचिवालयतर्फ**

- प्रदेश सभा सचिवालयको बजेट (चालु) रु. ४७४०७ हजार
- चालु खर्च रु.३८०८१ हजार
- पुँजीगत बजेट :- रु. ३३८० हजार
- पुँजीगत खर्च :- रु.२३९९ हजार
- भौतिक प्रगतिः- ७८.२१ %
- वित्तीय प्रगतिः- ७९.२७ %

## ३.९ मुख्य न्यायाधिवक्ताको कार्यालय

### १. आर्थिक वर्ष २०७६/७७ मा निर्माण भएका निर्देशिकाको विवरण

रकम (रु. हजारमा)

| क्र.सं. | निर्देशिकाको नाम | विनियोजित रकम | खर्च भएको रकम | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | वित्तीय | भौतिक | |
| १ | कानून व्यवसायीको सेवा प्राप्त गर्ने निर्देशिका | २०० | १८८ | ९४ % | १००% | |
| २ | बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी निर्देशिका | २०० | २०० | १००% | १००% | |
| ३ | कारागार तथा हिरासत अनुगमन निर्देशिका | २०० | १९८ | ९९% | १००% | |
| ४ | मख्य न्यायाधिवक्ताको कार्यालयको आचारसहिंता | २०० | १९८ | ९९% | १००% | |
| ५ | कानूनी राय सम्बन्धी निर्देशिका | १०० | ९९ | ९९% | १००% | |

### २. आर्थिक वर्ष २०७६/७७ मा सम्पादित प्रमुख कार्यक्रमहरु, कार्यक्रमको लक्ष्य र कार्यक्रमबाट प्राप्त उपलब्धि

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रमको लक्ष्य | कार्यक्रमबाट प्राप्त उपलब्धि |
|---|---|---|---|
| १ | कानूनी राय तथा लिखित जवाफ सम्बन्धी प्रशिक्षण कार्यक्रम | यस प्रदेशका नौ वटै जिल्ला स्थित प्रदेश सरकार मातहतका निकायहरु | सम्बन्धित सरोकारवालाहरुबाट कानूनी राय माग गर्दा अपनाउनु पर्ने प्रक्रिया बारे जानकारी दिईएको, एउटै रिट निवेदनको विरुद्ध मन्त्रालय तथा कार्यालयबाट लिखित जवाफ निश्चित ढाँचामा लेख्ने कार्यको थालन हुनुका साथै लिखित जवाफमा एकरुपता कायम हुन गएको । |

### ३. आर्थिक वर्ष २०७६/७७ को वित्तीय अवस्थाः विनियोजन, खर्च तथा खर्च प्रतिशत

रकम (रु. हजारमा)

| क्र.सं. | ब.उ.शि.नं. | विनियोजन रकम | खर्च भएको रकम | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | वित्तीय | भौतिक | |
| १. | ७०७२३२११३ | १,५४,६३ | १०७८६ | ६९.७५ % | १०० % | चालु |
| २. | ७०७२३२११४ | ३९९१ | २६४५ | ६६.२७% | १०० % | पुँजीगत |

४. आर्थिक वर्ष २०७६/७७ को दोस्रो चौमासिकसम्म अवस्था सामान्य भएतापनि सर्वोच्च अदालत र उच्च अदालत दिपायल र महेन्द्रनगर ईजलाशबाट मुद्दाको पेशी संख्या पटक-पटक तोकिन गएको हुँदा कार्यक्रम सहजरुपमा सञ्चालन गर्न नसकिएको हो । तेस्रो चौमासिकमा कार्यक्रम सम्पन्न गर्ने गरी तय गरिएकोमा कोभिड-१९ का कारण देशव्यापी लकडाउन हुन गएको हुँदा कार्यक्रम स्थगित गर्नुपरेको हो ।

# परिच्छेद-४
# अनुदान, राजस्व संकलन तथा परिचालन

## ४.१ आर्थिक वर्ष २०७६/७७ मा प्राप्त अनुदान र राजस्व असुलीको यथार्थ विवरण

तालिका नं. ५

| आर्थिक वर्ष २०७६/७७ मा प्राप्त अनुदान र राजस्व असुलीको यथार्थ विवरण | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रु. हजारमा |
| सि.नं. | राजस्वको स्रोत | आर्थिक वर्ष २०७६/७७ को वार्षिक लक्ष्य | आर्थिक वर्ष २०७६/७७ को यथार्थ सङ्कलन/प्राप्ति | प्रगति प्रतिशत | कैफियत |
| १ | घरजग्गा रजिष्ट्रेशन शुल्क | २४०००० | २९०१११ | १२०.८८ | |
| २ | सवारी साधन कर | ३८८३५७ | ३७७१५० | ९७.११ | |
| ३ | विज्ञापन कर | ५०० | २२६ | ४५.२० | |
| ४ | मनोरञ्जन कर | ५०० | ० | ०.०० | |
| ५ | कृषि आयमा कर | ० | ० | ०.०० | |
| ६ | मू.अ.कर तथा अन्तशुल्कको बाँडफाँट | ५९४२४७७ | ५३८२१७९ | ९०.५७ | |
| ७ | प्राकृतिक स्रोत कर | ५०००० | २२८६७ | ४५.७३ | |
| ८ | वित्तीय समानीकरण अनुदान | ७९५२४०० | ७९५२४०० | १००.०० | |
| ९ | सशर्त अनुदान | ४८८५०३७ | ४४१२४५१ | ९०.३३ | |
| १० | समपूरक अनुदान | ९६६१०० | ५६६१०० | ५८.६० | |
| ११ | विशेष अनुदान | ७५०००० | ३५०००० | ४६.६७ | |
| १२ | वैदेशिक सहायता (अनुदान र ऋण) | ० | ० | ०.०० | |
| १३ | आन्तरिक ऋण | ० | ० | ०.०० | |
| १४ | नेपाल सरकारको ऋण | ० | ० | ०.०० | |
| १५ | अन्य सेवा शुल्क तथा विक्री | ६०००० | ७४५१८ | १२४.२० | |
| १६ | पर्यटन शुल्क | ० | ० | ०.०० | |
| १७ | न्यायिक दण्ड जरिवाना जफत (बेरुजु, निकासा फिर्ता, अनुदान फिर्ता, धरौटी सदरस्याहा) | ७००० | १०८२६१ | १५४६.५९ | |
| १८ | प्रशासनिक दण्ड जरिवाना जफत | ३००० | २३६२ | ७८.७३ | |
| १९ | रोयल्टी | ० | ० | ०.०० | |
| २० | चालु आर्थिक वर्ष को बचत | ६०१९७७८ | ६१००७५२ | १०१.३५ | |
| जम्मा | | २७२६५१४९ | २५६३९३७७ | ९४.०४ | |

## ४.२ आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण भएको अनुदान रकम र खर्चको अवस्था

तालिका नं. ६

| आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण भएको अनुदान रकम र खर्चको विवरण | | | | | |
|---|---|---|---|---|---|
| रकम (रु. हजारमा) | | | | | |
| क्र.सं. | अनुदान | प्राप्त | खर्च | बाँकी | फिर्ता गर्नुपर्ने |
| १ | सामानीकरण अनुदान | ७९५२४०० | ४४२६७२० | ३५२५६८० | ० |
| २ | सशर्त अनुदान | ४४१२४५१ | ४१६३९४३ | २४८५०८ | २४८५०८ |
| ३ | समपूरक अनुदान | ५६६१०० | ४६९६६२ | ९६४३८ | ९६४३८ |
| ४ | विशेष अनुदान | ३५०००० | १९३५३२ | १५६४६८ | १५६४६८ |
| | **जम्मा** | **१३२८०९५१** | **९२५३८५७** | **४०२७०९४** | **५०१४१४** |

## ४.३ आर्थिक वर्ष २०७६/७७ को स्रोतगत खर्चको अवस्था

तालिका नं. ७

| आर्थिक वर्ष २०७६/७७ को स्रोतगत खर्चको अवस्था | | | | |
|---|---|---|---|---|
| रकम (रु. हजारमा) | | | | |
| क स | स्रोतको विवरण | चालु | पुँजीगत | जम्मा |
| १ | समानीकरण अनुदान | ० | ४४२६७२० | ४४२६७२० |
| २ | शसर्त अनुदान | १२४५१९३ | २९१८७५० | ४१६३९४३ |
| ३ | आन्तरिक स्रोत | ७००९८९१ | १३४८२४१ | ८३५८१३२ |
| ४ | विशेष अनुदान | ६८५५७ | १२४९७५ | १९३५३२ |
| ५ | समपूरक अनुदान | ० | ४६९६६२ | ४६९६६२ |
| **जम्मा** | | **८३२३६४१** | **९२८८३४८** | **१७६११९८९** |

## ४.४ आर्थिक वर्ष २०७६/७७ को बजेट विनियोजन र खर्चको अवस्था

**तालिका नं. ८**

आर्थिक वर्ष २०७६/७७ को मन्त्रालयगत र स्थानीय तहको निकासा तथा खर्चको विवरण

रकम (रु. हजारमा)

| सि.नं. | मन्त्रालय | चालु | | | पुँजीगत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | खर्च प्रतिशत | बजेट | खर्च | खर्च प्रतिशत | बजेट | खर्च | खर्च प्रतिशत |
| १ | प्रदेश व्यवस्थापिका सचिवालय | १५४०३४ | १२११४५ | ७८.६५ | २५०३५ | १७३४७ | ६९.२९ | १७९०६९ | १३८४९२ | ७७.३४ |
| २ | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | १५३८०२ | ८३११० | ५४.०४ | १४१२२ | ८१७८ | ५७.९१ | १६७९२४ | ९१२८८ | ५४.३६ |
| ३ | आर्थिक मामिला मन्त्रालय | ८२१६२४ | ४४५९१५ | ५४.२७ | ५६६९० | ६११९ | १०.७९ | ८७८३१४ | ४५२०३४ | ५१.४७ |
| ४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १७४४९३४ | ६६४८३२ | ३८.१० | ६२५६९३ | ४१४००८ | ६६.१७ | २३७०६२७ | १०७८८४० | ४५.५१ |
| ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २४६३७५१ | १७००१९१ | ६९.०१ | ३४९८६९ | २२८२९१ | ६५.२५ | २८१३६२० | १९२८४८२ | ६८.५४ |
| ६ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १३१४२५ | ६०८८८ | ४६.३३ | १६०५१८ | ४७५४१ | २९.६२ | २९१९४३ | १०८४२९ | ३७.१४ |
| ७ | भौतिक पुर्वाधार विकास मन्त्रालय | ४६४०८० | २९२९१७ | ६३.१२ | ११४५१५१८ | ७९६९३५६ | ६९.५९ | ११९१५५९८ | ८२६२२७३ | ६९.३४ |
| ८ | सामाजिक विकास मन्त्रालय | ३९९२१३८ | २६५२९२७ | ६६.४५ | ११८२२८१ | ५९७५०७ | ५०.५४ | ५१७४४१९ | ३२५०४३४ | ६२.८२ |
| ९ | स्थानीय तहलाई वित्तीय हस्तान्तरण | २७०३४७७ | २३०१७१६ | ८५.१४ | ०।०० | | ०.०० | २७०३४७७ | २३०१७१६ | ८५.१४ |
| १० | अर्थ वित्तीय व्यवस्था | ४००००० | | ०.०० | ०।०० | | ०.०० | ४००००० | ०।०० | |
| ११ | अर्थ विविध | ५०५०८० | | ०.०० | १८३२९३० | | ०.०० | २३३८०१० | ०।०० | |
| | **जम्मा** | १३५३४३४५ | ८३२३६४१ | ६१.५० | १५६९८६५६ | ९२८८३४८ | ५९.१७ | २९२३३००१ | १७६११९८९ | ६०.२५ |

### ४.५ आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकारबाट स्थानीय तहहरुलाई हस्तान्तरण भएको अनुदान रकम र निकासाको अवस्था

तालिका नं. ९

| आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकारबाट स्थानीय तहहरुलाई हस्तान्तरण भएको अनुदान रकम र निकासाको अवस्था | | | | |
|---|---|---|---|---|
| | | | | रकम (रु. हजारमा) |
| क्र.सं. | अनुदान | वार्षिक बजेट | निकासा | बजेट बाँकी |
| १ | समानीकरण अनुदान | ६२२१७२ | ६२२१७२ | ०.०० |
| २ | सशर्त अनुदान | ५८१३०५ | ५५२४२३ | २८८८२ |
| ३ | विशेष अनुदान | ५००००० | ४५६१९५ | ४३८०५ |
| ४ | समपूरक अनुदान | १०००००० | ६७०९२७ | ३२९०७३ |
| | जम्मा | २७०३४७७ | २३०१७१६ | ३५७९५५ |

# परिच्छेद-५

# चालु आर्थिक वर्ष २०७७/७८ को विनियोजन र खर्चको अवस्था

## ५.१ चालु आर्थिक वर्ष २०७७/७८ फाल्गुन मसान्तसम्मको बजेट विनियोजन र खर्चको अवस्था

तालिका नं. १०

रकम (रु. हजारमा)

| कार्यालय कोड | मन्त्रालय | चालु खर्च | | | पुँजीगत खर्च | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत |
| २०२ | प्रदेश व्यवस्थापिका | १५५४९६ | ७३१८९ | ४७.०७ | ३७८५० | २४१३ | ६.३८ | १९३३४६ | ७५६०३ | ३९.१ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५३८९४९ | ४६४८४ | ८.६२ | ४५४८०० | १८०८३ | ३.९८ | ९९३७४९ | ६४५६७ | ६.५ |
| ३०५ | आर्थिक मामिला मन्त्रालय | १५५४०८५ | २७६८२ | १.७८ | ३६९४५ | १५१५ | ४.१ | १५९१०३० | २९१९७ | १.८४ |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १७६२६४४ | ३९११२७ | २२.१९ | ११०२५५९ | २७२१८५ | २४.६९ | २८६५२०२ | ६६३३१२ | २३.१५ |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २८६४१२० | ५०२८६२ | १७.५६ | ४७१०७६ | ४९८७६ | १०.५९ | ३३३५१९६ | ५५२७३८ | १६.५७ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १७४९९३ | ५८८२२ | ३३.६१ | ३१२१७२ | २५६९७ | ८.२३ | ४८७१६५ | ८४५२० | १७.३५ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३७९५३४ | १७६३४१ | ४६.४६ | १११०४००४ | २८२१३५९ | २५.४१ | ११४८३५३८ | २९९७७०० | २६.१ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ४८२७५५४ | १४५२८७७ | ३०.१ | २०९३७८६ | ३६२६१५ | १७.३२ | ६९२१३४० | १८१५४९२ | २६.२३ |
| ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | ३००००० | ० | | ० | ० | | ३००००० | ० | |
| ६०२ | अर्थ - विविध | १३५४८४२ | ० | ० | १५३०५०८ | ० | ० | २८८५३५० | ० | ० |
| ८०१ | स्थानीय तह | २५३२३२४ | १०२८०५१ | ४०.६ | ० | ० | ० | २५३२३२४ | १०२८०५१ | ४०.६ |
| | **जम्मा** | १६४४४५४१ | ३७५७४३५ | २२.८५ | १७१४३७०० | ३५५३७४३ | २०.७३ | ३३५८८२४१ | ७३१११७८ | २१.७७ |

# परिच्छेद-६
# समस्या तथा चुनौती

## ६.१ प्रदेशमा राजस्व परिचालनको समस्या तथा चुनौती

- नेपालको संविधानले प्रदेशलाई प्रदान गरेको कर तथा राजस्व सम्बन्धी क्षेत्राधिकारमा रहेका विषयहरुमा आवश्यक नीति तथा कानून तर्जुमा र संरचना तथा जनशक्तिको अपर्याप्तता रहेको ।
- प्रदेशको राजस्व सङ्कलनका स्रोतहरुको थप पहिचान तथा दायरा विस्तार गर्न नसकिएको ।
- प्रदेश र स्थानीय तहहरुबीचको साझा राजस्व अधिकार सूची अन्तर्गत सङ्कलन तथा परिचालन र बाँडफाँट भएर जाने राजस्वको सम्बन्धमा अझै स्पष्टता हुन नसकेको ।
- कृषि आय कर सङ्कलन र परिचालन सम्बन्धमा संघीय सरकार क्षेत्राधिकार र प्रकृयामा अन्यौलता सिर्जना भएको ।
- संघीय सरकारले प्रदेश सरकारलाई प्रदान गर्ने समानीकरण अनुदानको रकम अपेक्षित रुपमा प्राप्त हुन नसकेको ।
- संघीय सरकारबाट राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम अनुमान गरेभन्दा न्यून हुने गरेको ।
- गैरकर राजस्व सङ्कलन सम्बन्धमा प्रदेश सरकारका निकायहरुले प्रदान गर्ने सेवा, दर र दायरा निश्चित हुन नसकेको ।

## ६.२ राजस्व परिचालनलाई प्रभावकारी बनाउन चाल्नुपर्ने कदमहरु

- नेपालको संविधानले प्रदान गरेको कर तथा राजस्व सम्बन्धी क्षेत्राधिकारमा रहेका विषयहरुमा आवश्यक नीति तथा कानून, संरचना/संगठन र जनशक्तिको पर्याप्त व्यवस्था गर्ने ।
- प्रदेशको राजस्व संकलनको दायरा बढाउन करको थप क्षेत्रहरुको खोजी गर्ने ।
- प्रदेश र स्थानीय तहहरुबीचको साझा अधिकार सूचीमा रहेको राजस्व सम्बन्धी विषयमा स्पष्टता हुनुपर्ने ।
- प्रदेश सरकारको एकल अधिकार सूचीमा रहेको कृषि कर संकलनको प्रक्रिया स्पष्ट हुनुपर्ने ।
- स्थानीय तहहरुको राजस्व सङ्कलन, बाँडफाँट भएर जाने रकम र सोको दाखिला सम्बन्धमा प्रभावकारी समन्वय र अनुगमन गरिनुपर्ने ।
- प्रदेशले संघीय सरकारबाट प्राप्त गर्ने वित्तीय समानीकरण अनुदानको हिस्सा प्रदेशको खर्चको आवश्यकता बमोजिम बढाउनुपर्ने ।
- संघीय सरकारबाट अनुमान गरिएको राजस्व बाँडफाँट वापतको रकम र वास्तविक निकासाबीच सन्तुलन कायम हुनुपर्ने ।
- प्रदेशमा कर साक्षरता सम्बन्धी अभियान सञ्चालन गर्ने ।
- प्रदेश सार्वजनिक संस्थानहरुको स्थापना तथा सञ्चालनको कार्य अघि बढाउने ।
- अन्तरसरकारी तथा निकायगत समन्वय र सहकार्यमा जोड दिने ।

# परिच्छेद-७
# विविध

### ६.१ ऋण लगानी र दायित्व सम्बन्धी विवरण

आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकारले कुनै पनि किसिमको आन्तरिक र वाह्य ऋण नलिएको हुँदा सो सम्बन्धी विवरण यस प्रतिवेदनमा उल्लेख नगरिएको ।

### ६.२ वैदेशिक सहायता प्राप्तिको विवरण

आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकारले कुनै पनि दातृ निकायबाट द्विपक्षीय एवम् वहुपक्षीय वैदेशिक सहायता प्राप्त नगरेकोले सो सम्बन्धी विवरण यस प्रतिवेदनमा उल्लेख नगरिएको ।

### ६.३ वित्तीय सन्तुलन कायम गर्न अपनाइने रणनीति सहितको वित्तीय नीति

प्रदेशको समष्टिगत आर्थिक स्थायित्व, मुद्रास्फिति, मूल्य स्थायित्व, उत्पादन अभिवृद्धि, गरिबी न्यूनिकरण तथा रोजगारी सिर्जनाको रणनीति प्रदेश सरकारले अवलम्बन गरेको ।